'नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स'

# अर्हत

२०

वर्ष ४, अंक १ | बुद्ध सम्वत् २५६० | ने.सं. ११३६ बछलाथ्व | वि.सं. २०७३ जेठ ८ स्वाँया पुन्ही



# पञ्चशील प्रार्थना

उहाँ भगवान अरहत सम्यकसम्बुद्धलाई नमस्कार (३)
म बुद्धको शरणमा जान्छु,
म धर्मको शरणमा जान्छु,
म संघको शरणमा जान्छु,

दोस्रोपल्ट पनि बुद्धको शरणमा जान्छु,
दोस्रोपल्ट पनि म धर्मको शरणमा जान्छु,
दोस्रोपल्ट पनि म संघको शरणमा जान्छु,

तेस्रोपल्ट पनि बुद्धको शरणमा जान्छु,
तेस्रोपल्ट पनि म धर्मको शरणमा जान्छु,
तेस्रोपल्ट पनि म संघको शरणमा जान्छु,

म प्राणी हिंसा गर्ने काम छोड्ने शील राम्ररी पालना गर्छु ।
म चोरी गर्ने काम छोड्ने शील राम्ररी पालन गर्छु ।
म कामरागको विषयमा नराम्रो आरचण गर्नेछैन ।
यो शील राम्ररी पालन गर्नेछु ।

म झूट कुरा बोल्ने बानी छोड्ने शील राम्ररी पालन गर्छु ।
म बेहोसको कारण हुने रक्सी, जाँड आदि लागूपदार्थ
सबै छोड्ने शील राम्ररी पालन गर्छु ॥

साभार : श्री महामञ्जुश्री गुरु गुठी संस्थाको गोजीपात्रोबाट

# अर्हत

त्रैमासिक

वर्ष ४ | अङ्क १ | पूर्णाङ्क २० | नेसं.११३६ बछलाथ्व

शक सं. १९३८ | २०७३ जेठ ८ | बुद्ध सं. २५६०

सल्लाहकार

**रत्नसुन्दर शाक्य**

**जुनु बासुकला रंजितकार**

**चन्द्रबहादुर उलक**

सम्पादक / प्रकाशक

**उद्धव सुजखु**

**बौद्ध दर्शन अध्ययन समाजको सहयोगार्थ प्रकाशित**

बजार व्यवस्थापन तथा वितरण

**गोपीकृष्ण प्रजापति**

**बालमुकुन्द बासुकला**

कम्प्युटर

**सिद्धि डिजाइन डेस्कटप सर्भिस**

**फोन - ६६१९१०७**

मुद्रण

**भिजन अफसेट प्रिन्टिङ्ग प्रेस प्रा.लि.**

**बानेश्वर, काठमाडौं**

Email: arhattraimasik@gmail.com

**सहयोग रु. ३०।-**


# सम्पादकीय

महामानव गौतम बुद्धका जन्म, सम्बोधिलाप तथा महापरिनिर्वाण बुद्ध पूर्णिमाको दिनमा भएको हो। आज २५६० औं बुद्ध जयन्ती हो। बुद्ध जयन्तीको पावन अवसरमा सम्पूर्ण पाठक वर्ग, विज्ञापन दाता साहुमहाजनहरू, लेखक, शिक्षक तथा विद्यार्थी वर्गहरूमा बौद्ध दर्शन अध्ययन समाजको अर्हत् त्रैमासिक पत्रिका हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछ।

बुद्धले भनेका छन्- मान्छेको हृदयभित्र सदासर्वदा राम्रो विचार र नराम्रो विचारको बीचमा हरदम द्वन्द्व भइरहन्छ। त्यस द्वन्द्वमा जसले जित्छ त्यसको कार्यान्वय मान्छेले गर्छ। राम्रोले जिते राम्रै काम, नराम्रोले जिते नराम्रै काम हुन्छ। राम्रो काम गर्ने मान्छे ज्ञानी र नराम्रो काम गर्ने मान्छे अज्ञानी हुन्छ। अत: आजको दिनमा हामी सबैले आफूले आफैलाई नियालौं। विगतमा आफूले गरेका काम कारबाही माथि सिहांवलोकन गरौं। साँच्चिकै आफूबाट नराम्रो काम भएको छ भने आत्मालोचना गर्दै प्रायश्चित गरौं र बाचा गरौं -अबदेखि मैले यस्तो भूल गर्नेछैन।

आजको बुद्ध जयन्ती यही भावनाबाट सदुपयोग गर्न सकोस् भन्ने कामना अर्हत् त्रैमासिक परिवार गर्दछौं।

पाठक मित्रहरू !

समाजमा अन्धविश्वास फैलाउँदै धर्मको आडमा शोषण गर्ने धर्मभिरुहरूले प्रचार गर्छन् - 'हाम्रो यो जीवन असत्य हो। सत्य जीवन त मृत्युपछि पाउन्छ। जसरी हामीले सपनामा गरेका क्रियाकलापहरू असत्य हुन्छ। त्यस्तै हाम्रो जीवन पनि सपना हो। वास्तविक जीवन मृत्युपछि मात्र पाउनेछ।'

तिनीहरूले भन्ने गर्छन् - अहिलेको जीवनमा दु:ख परे तापनि मृत्युपछि स्वर्गको बास हुनेछ। उनीहरू अर्काको लोभ गर्दा मृत्युपछि नर्कको बास हुन्छ भन्ने अन्धविश्वास फैलाउँछन्। तिनीहरूका यी कुराहरू मिथ्या हुन्। वास्तवमा स्वर्ग र नर्क यही दुनियाँमा छ। वास्तविक जीवन पनि यही नै हो। मृत्युपछिको जीवन असत्य हो। मृत्युपछि कोही नर्कमा जादैनन् र कोही स्वर्गमा पनि जाँदैनन्। हामीलाई दु:ख लाग्छ - जसले शोषण गरी धन कमाएका छन् तिनीहरुले नै स्वर्गको ऐश लुटेका छन्, जो दिन - रात नभनी मिहेनतका साथ श्रम गर्छन्, तिनीहरू रोग, भोक, प्यास र अशिक्षाबाट पीडित भएर नारकीय जीवन बिताइरहेको हामीले अनुभव गर्दैछौं। यो सत्य हो।

के बौद्ध शिक्षानुसार - अन्यायको विरुद्ध लडेमा सम्पूर्ण मानव जातिले स्वर्गको वास पाउन सकिदैन र ? अस्तु !

# असल मानिस बन्ने कि विद्वान ?


भिक्षु अश्वघोष

धेरै जसो व्यक्तिलाई विद्वान बन्ने इच्छा रहेको हुन्छ। त्यसरी नै असल मानिस बन्न नचाहने को होला र ? तर चाहेर पनि के गर्नु ? परिस्थिति आफ्नो मनमा भर पर्ने कुरा हो यो बुद्ध शिक्षा अनुसार पनि पहिला पढी लेखी विद्वान बन्न आवश्यक छ र त्यसको साथ साथै असल मानिस बन्न अति जरुर छ। हरेक आमाबाबुको मनमा पनि आफ्ना छोराछोरीहरू पाठशालाहरूमा गई पढी लेखी असल मानिस बनी ठूलो विद्वान पनि हुन सकोस् भन्ने इच्छा रहेको हुन्छ। तर धेरै जसो विद्यार्थीहरूको मनमा पाठशाला गई पढ्नुको उद्देश्य केवल ठूलो मानिस बनी जागीर र मान पदविले विभूषित हुने आशा रहेको देखिन्छ। असल र इमान्दार बन्नु पर्दछ भन्ने तर्फ भने त्यति ध्यान गएको देखिदैन। त्यसैले धेरै जसो व्यक्तिहरू जागिर पाउनुको साथै ठूलो धनराशीको मालिक बन्ने लोभमा फस्न पुग्दछन् यसको फलस्वरुप जताततै भ्रष्टाचार र रकम हिनामिना गरेको आरोप लागेको समाचार समय समयमा सुन्न परिरहेको छ। यस अर्थमा हामी विद्वान बन्नुको साथसाथै असल मानिस बन्नको लागि पनि त्यतिकै प्रयत्नरत रहन जरुरी देखिन्छ। अर्थात तराजुमा राखी तौलंदा खेरी दुबै तर्फ बराबरको तौल रहे जस्तै विद्वान बन्नको लागि र असल मानिस बन्नको समान रुपले मेहनत गर्न अत्यावश्वक छ। यसरी दुवै क्षेत्रमा दखल बन्न सकेको व्यक्तिले मात्र समाजमा सम्मान पाउन योग्य असल व्यक्ति बन्न सफल हुनेछ।

बुद्ध शिक्षानुसार पढ्नु विद्वान र शिक्षित हुनु नै असल मानिस बन्नको लागि हो। पढि सकेपछि मानिसहरूमा विवेक बुद्धि जागृत हुनुपर्दोछ। अनिमात्र उसमा ज्ञानको माध्यम द्वारा राम्रो नराम्रो, खराव असल छुट्टाउन सक्ने क्षमता हुनेछ। नराम्रो काम र कुरा गर्दा त्यसको परिमाण र प्रतिफल नराम्रो नै हुन्छ र राम्रो कामको फल राम्रो नै हुन्छ भन्ने विषयमा ज्ञान हुनेछ। नराम्रो काम गर्ने बेला अरुले के भन्ला भनी लाज र भय उत्पन्न हुनेछ।

बुद्ध शिक्षानुसार विद्वान मानिसहरूमा घमण्डी स्वभाव हुनु हुँदैन। अरुको शीर झुकाउने र शोषण गर्ने काम विद्वानवर्गले गर्दैनत। उ विश्वासपात्र र कर्तव्यपरायण हुनेछ। अहंकारी र जिद्दिवाल हुनेछैन। अरुको र आफ्नो भलो हुने काममा कहिले काहिं जिद्दिवाल बन्नुपर्ने अवस्था पनि आउन सक्छ। त्यो अर्के कुरा हो। बुद्ध भन्नुहुन्छ - फल फलेको रुख झुक्छ। फल नफलेको रुख ठाडो हुन्छ। अर्को अर्थमा भन्ने हो भने विद्वान व्यक्ति नरम स्वभावको हुन्छ, मिलनसार हुन्छ, इमान्दारी हुन्छ र आफ्नो गल्ती महशुस गर्ने स्वभावको हुन्छ। विद्वान र असल स्वभावके मानिसले आफ्नो घरायरी काम गर्न हिच्किचाउँदैन। उ काम गर्नमा पछि हट्दैन। काम गर्न पाउँदा आफ्नो इज्जत बढेको महशुस गर्छ।

तर आजभोली कतिपय व्यक्तिह पढ्न लेख्न जाने पछि भोकै बस्न परेपनि मामूली कामहरू गर्न

चाहँदैनन् । कसैले भान्छाको काम र भाँडो माझ्ने काम गरेको देख्ने वित्तिकै साथीहरूले "यस्ता चीच काम पनि गर्ने ? तिमी जस्तो पढेलेखेको मान्छेले ?" भन्दै गिल्ला गरी हँसिउठाउने गर्छन् । अनि साथीभाईहरूले गिजाउने डरले नै काम गर्न पछि हट्ने व्यक्तिहरू पनि नभएका हैन । जब सम्म हाम्रो समाजमा यस्तो वातावरण रहिरहन्छ, तब सम्म यहाँ विद्वान बन्ने व्यक्तिहरूले असल मानिस बन्ने मौका पाउन सक्दैन । तर माहीहरू माफ मधेसीहरू आएर पुराना थोत्रा कागज, प्लास्टिक, फलामे टुक्रा आदि बटुलेर पैसा कमाउँदै आफ्नो देशमा पठाइरहेका छन् । उनीहरूलाई के को लाज ? पैसा आए पुग्छ ।

अब विद्वान व्यक्ति कसरी असल मानिस पनि बन्दो रहेछ त भन्ने विषयमा भारत स्थित बम्बइमा घटेको एउटा घटनात्मक उदाहरण प्रस्तुत गर्दैछु ।

B.A. परीक्षा उतीर्ण भइसकेको एक जना नवयुवक विद्वान व्यक्ति परिस्थितिवस बेरोजगारी बनेछ । उ कामको लागि बम्बई पुगेछ । त्यहाँ एकजना ठूला व्यापारी साहुको घरमा गई कामको लागि सोध्न पुग्यो ।

त्यही क्रममा साहुले सोध्यो -"के काम गर्न सक्छौ तिमीले ?"

नवयुवक -"जे काम पनि गर्न तयार छु ।"

उसले आफू B.A. तहको शिक्षा उर्तीण भइसकेको कुरा बताएन ।

त्यसैले साहुजीले उसलाई अनपढ युवक ठानी घर सफा सुग्घर पार्ने, जुठो भाँडा माझ्ने । कामको जिम्मा दिएछ । उले खुशीसाथ तॅ सबै काम गर्दै गए । उसले यी कामहरू मन लगाएर खूब मेहनत साथ सम्पन्न गर्थ्यो । उसको सक्ष्य नै राम्ररी काम गरी साहुजीलाई खशी पार्ने थियो ।

एक दिन फोहर कसिंगरहरू बढारिरहँदा ती फोहरहरूमा फालिएको एउटा चिठ्ठी टिपेर उसले पढिरहेको थियो । यो दृश्य साहुजीले देखेछ र अचम्म मान्दै सोधेछ - "तिमीलाई अक्षर पढ्न पनि आउँदो रहेछ नि क्याहो ?"

युवकले उत्तर दियो अलि अलि आउँछ ।

फेरी अर्को दिन उसले आफ्ना आमाबुबालाई चिठ्ठी लेखिरहेकै अवस्थामा साहुजीले संयोगवस देखेर पछाडी उभिएर हेरिरहेको रहेछ । साहुजीले महशूल गऱ्यो -"त्यो युवकको अक्षर राम्रो छ बोलिवचन राम्रो रहेछ ।"

त्यसैले साहुजीले भन्न थाल्यो-

'अरे ! तिम्रो अक्षर र बोलिबचन पनि खुब राम्रो रहेछ । तिमी अरु कामदारहरू भन्दा ज्यादै सुशिक्षित, इमान्दार र भलादमी छौ । बाहिरबाट मेरो थुप्रै सामानहरू झिकाउनु छ । यो नमुनाको सामान पठाइ दिनु भनि मेरा ठीक व्यापारी साहु समक्ष एउटा चिठ्ठी पठाउनु छ । त्यसको लागि मिल्ने गरी एउटा चिठ्ठी लेखिदेउन ।'

युवकले साहुजीको कुरा मानी राम्रो र शिष्ट भाषामा चिठ्ठी लेखिदियो । चिठ्ठी अनुसार सामान पनि बढि नै प्राप्त भयो । बेलैमा सामान आइपुगेछ । यस घटनाले साइजी ज्यादै प्रसन्न भएछ र उसले खुशी हुँदै तयस युवकलाई भन्यो - 'अब तिमीले बढार्ने र भाँडा माझ्ने काम गनु पर्दैन । तिमी अब अजाञ्ची त्यति विद्वान छैन । त्यसैले उसलाई अब अर्के काम दिनेछु ।' यति भनी साहुजीले नयाँ कामदारको प्रमोशन गरिदियो भने पुरानो कामदारको काम गर्ने क्षमतानुसार डिमोशन गरिदियो । यसका फल स्वरुप पुरानो कामदारलाई इर्ष्याको आगोले पोल्न थाल्यो । उसले नयाँ कर्मचारीलाई बदला लिने नियतले काम गर्न थाल्यो । उता नयाँ खजाञ्ची अर्थात त्यस युवकले नयाँ लुगा ललाई खजाञ्ची पदमा रही काम गर्न पाएकोमा अनायासै घमण्डी र अहंकारी स्वभाव चढ्न थाल्यो । जब आफूमा विस्तारै अहंकारी आउन थाल्यो, तब त्यस युवकले आफूले आफैलाई सम्झाउन पुग्छ ।

'तँ किन अहंकारी बन्दै छस् ? पहिला तँ कस्तो अवस्थामा याहँ आइपुगिस् बिर्स्यौ ? यसरी नै बेहोशी बन्दै घमण्ड गर्छस् भने एकदिन तँ नराम्ररी खस्नेछस् ।'

यसरी आफूले आफैलाई होस दिन सकेपछि त्यस युवकले आफुले अफिस जान अगावै पहिला आफुले लगाएर आएको झुत्रो लुगा र थोत्रो जुत्ता एउटा बाकसमा राखी त्यसलाई नमस्कार गर्दै आफ्नो पहिलाको दयनीय अवस्था

स्मरण गरी कार्यालय जाने गर्थ्यो। उसले पहिलाको आफ्नो भूत्रो लुगा र थोत्रो जुत्तालाई बाक्समा सुरक्षित राखेको थियो। यसरी हरेक दिन कार्यालय जानु अघि कोठाको ढोका बन्दा गरी आफ्नो पुरानो लुगा र जुत्ता दर्शन गरी नमस्कार गर्ने चलन बसाल्न थाल्यो। यो घटनालाई पुरानो खजाञ्चीले कोठा बाहिर बसी ढोका निर कान थापी सुनिरहने गर्न थाल्यो। नयाँ खजाञ्चीले कोठोको ढोका थुनी भित्र बाकस खोलेको र बन्द गरेको आवाज सुन्दै उसले मनमनै अनुमान गर्न थाल्यो -'त्यो नयाँ खजाञ्चीले अवश्य पनि अफिसको रकम हिनामिना गरी पैसा गन्दै बाकस भित्र राखेको हुनुपर्छ।'

यति अनुमान गरी उ हड्बडाउँदै साहु समक्ष गई यसरी चुकली लगाउन पुग्यो -

"साहुजी ! तपाईको कहाँ कहाँको मानिसलाई विश्वास गर्दै खजाञ्ची पदमा राखी काम गराउनु भयो। तर त्यो मानिस अलि ठील देखिदैन है। उसले अफिसको रकम हिनामिना गरेका देखिन्छ। मेरो कुरा पत्याउनु हुन्न भने साहुजी आफै गएर त्यो खजाञ्चीको कोठा अगाडी गएर चेवा लिनु भएपनि हुन्छ। यसले अफिस जानु अगाडी आफ्नो कोठाको ढोका बन्द पारी भित्र बाकस खोल्ने बन्द गर्ने काम गरीरहन्छ।"

यी कुरा सुनी साहुजीको मनमा चीसो पस्यो। अलि अलि शंका लाग्न थाल्यो। तैपनि यो कुरो ठीक हो होइन बुझ्नको लागि खजाञ्चोको कोठा अगाडी चेवा लिन गयावे। अफिस जानु अघि खजाञ्चीको काठाको ढोका बन्द नै थियो। भित्रबाट चुकुल लगाएको थियो। शंकालु साहुको ढोका खट् खटाउन पुग्यो। खजाञ्ची युवकले ढोका खोलि दियो।

साहुजी सोध्यो -'के गरिरहेको ?'

खजाञ्ची -'केही पनि होइन साहुजी।'

साहुजी -' बाकमा खोल त।'

खजाञ्ची आफ्नो बाकस खोलेर देखाइ दियो। साहुजीले खजाञ्चीको बाकस भित्र भूत्रो लुगा र थोत्रो जुत्ता एक जोर मात्र देख्यो।

यो देखि साहुजीले खजाञ्चीलाई सोध्यो -' तिमीले अफिस जानु अगाडी दिनहुँ ढोका बन्द गरी कोठा भित्र के गरिरहन्छौ ?'

खजाञ्चीले भन्यो -

"हजुरले मलाई जागीरमा प्रमोशन दिलाइदिनु भयो। त्यसैले गर्दा ममा थाहानपाउने गरी घमण्ड चढ्न थाल्यो। त्यही घमण्डलाई दबाउनको लागि मैले दिनहुँ म पहिले कुन अवस्थामा यहाँ आइपुगेको थिएँ, त्यस अवस्थाको सम्झना ताजा राख्नको लागि मेरो यो पहिलाको झुत्रो लुगा र थोत्रो जुत्ताको दर्शन गर्ने गर्थे। जब यो लुगा दर्शन गर्थे तब मेरो यो घमण्ड विस्तारै सेलाएर जाने गर्थ्यो। यो कार्य मेरो लागि नित्य कर्म हुन थाल्यो। त्यसैले अफिस जान अगाडि मैले कोठाको ढोका बन्द गरी मेरो यो बाकस खोली यो कार्य गर्ने गर्छु।'

नयाँ खजाञ्चीको मुखबाट यस्तो कुरा सुनी साहुजी जिल्ल परिरह्यो। उसले नयाँ खजाञ्चीको विद्वान र असल बानीव्यवहार प्रति प्रभावित भयो। निर्दोष खजाञ्ची प्रति नराम्रो आरोप लगाई चुक्ली लागाउन आउने पुरानो खजाञ्चीको दुष्ट र अशिष्ट स्वभाव सम्झँदै मूर्मुरिन थाल्यो। अनि नयाँ अजाञ्चीलाई प्रशंसा गर्दै त्यहाँबाट हिड्यो उ। त्यहाँबाट निस्केर पुरानो खजाञ्ची समक्ष गई उसलाई गाली गर्दै भन्न थाल्यो - 'ए तँ ! त कति नीच रहेछस्। कति खुम्चिएको र संकुचित मन रहेछ हँ ? तँ त खराब र दुष्ट स्वभावको रहेछस्। तर यो नयाँ खजाञ्ची त तेरो अगाडि धेरै उच्च स्वभावको असल मनिस र विद्वान पनि रहेछ। B.A. पास गरिसकेको व्यक्ति नै भन्न सुहाउँदैन कति कोमल स्वभावको व्यक्ति रहेछ त्यो। आफ्नो विद्वतालाई लुकाएर निम्न वर्गको काम गरि असल मान्छे बन्न सकेको छ उ। उ माथि पुगिसकेको व्यक्तित्व रहेछ।'

यसरी साहुजीले नयाँ खजाञ्चीको प्रशंसा गरी ज्यादै खुशी भयो।

यस घटनाबाट के बुझिन्छ भने विद्वान बन्नु भनेको नै असल मान्छे बन्नको लागि हो। घमण्डी बन्नको लागि कदापि होइन।

# पेशावर संग्रहालयय् बुद्ध

◆ भिक्षु सुदर्शन



बुद्धयागु मुर्ति व चित्र निर्माण बुद्धयागु उपदेश अनुकरणय् त:धंगु मछिगु ह्यूपा: वल धयागु खँ गुलि सत्य ख:, उलि हे बुद्धप्रति श्रद्धा व भक्ति विस्तार हयाविल धैगु खँ नं असत्य मखु । दकलय् सकलय् ला वाङमयया विवेचनाय् गुलि गथे ऐतिहासिकता दु समीक्षा यायेत बुद्धया मुर्ति व चित्र गुगु आधार प्रमाण वियाच्वन व तसकं महत्त्वपूर्ण जू । थन थ्व रचनाय् ल्वहँया मूर्ति बुद्धयागु जीवनवृत्त न्ह्यथनीगु मध्यय् पेशावर संग्रहालयय् च्वंगु बुद्धमूर्ति बुद्ध-जीवनी ब्वनेगु छुं कुत: याये । थुपिं मुर्ति गान्धार कलाया जुया:ईसाया न्हापांगु शताब्दीनिसेंया ख: । उकिं थ्व बुद्ध-मुर्तिया जीवनी नं बुद्धया इलंनिसेयागु परम्पराय् अले थ्वया आधारय् न्हापांगु शताब्दीतकया विश्वास व मान्य बुद्ध-जीवनी भालपे मा: । थ्व जीवनी ब्वने धुंका: मनं नं चायेकेमा:, पालि बाङमयया बुद्ध-जीवनी, ललित विस्तरया बुद्ध-जीवनी, बुद्ध-चरित्तया बुद्ध-जीवनी मध्यय् गुगु जीवनी अप्व:पायुछि जू-सत्यया लिक्क ला: । दकलय् सकलय् भद्रकल्पावदानया बुद्ध-जीवनी ललित विस्तरय् ल्वाक छ्याना: गुगु अतिरंजनय् नं अप्व:गु अतिरंजिता बुद्ध जीवनीया प्रचार ज्रुयाच्वन, उकी मध्यकालीन युगतकया हे गुगु कलात्मक पुरातात्विक प्रमाण मदु धैगु खँ नं चायेके ज्यू ।

पेशावरया संग्रहालयय् सुमेधं दीण्कर बुद्धयाके बुद्ध ज्वीगु प्रार्थना याना: बोधिसत्व जीवन प्रारम्भ या:गु मुर्तिनिसे गौतम बुद्धया जीवनी आपालं मुर्तित संकलित जुयाच्वगुं दु । थ्व मुर्तिफलकय् दीपंकर बुद्ध, छम्ह श्रावक व उपासक उपासिकापिं खुम्हं खने दु । सुमेध ऋर्षि थ:गु जटा लाया: ध्याचलं विज्याये मते धका: प्रार्थना यानाच्वंगु उखे ल्यूने पलेस्वां छम्हू ज्वनाच्वंम्ह छम्ह महिला दु । वैके पलेस्वाँ थुनाह:गु द्य: नं दु । वं तपुगु कल्लि न्ह्यानात:गु धाइ । गान्धार कलाया ब्याक्क महिला मुर्तिस हे खने दुगु जुयाच्वन ।

शाक्यमुनि बुद्धया अन्तिम बोधिसत्व चर्या बेसन्तर चरित्रयागु थन दुगु मूर्ति नं बांलासे च्वं । विश्वन्तरं ल:धा: हायेका: ब्राम्हणयात मंगलकिसि दान यानाच्वंगु दृश्य थुगु मुर्तिस किया: ज्यानात:गु दु । महामायाया स्वप्नया मुर्तिफलकय् महामाया खाताय् गोतुलाच्वंगु दुसा बोधिसत्व श्वेतहस्ति रुपय् गर्भ प्रवेशया बाखं दु । किसि तप्यंगु स्वं छुनाच्वंम्ह महामायाया बेकों दुहां वनेत स्वयाच्वंगु थुगु मुर्तिया विशेषता ख: । महामायाया स्वप्नया भविष्यवाणी न्ह्यथनाच्वंगु मुर्तिफलकय् राजआसनय् फेतुनाच्वंम्ह शुद्धोदनया न्ह्य:ने ख:पाखे आसनय् फेतुनाच्वंम्ह ऋषिं ज:ल्हा: ब्वयेका: महामाया गर्भवती जूगु खं कनाच्वंगु अले शुद्धोदनया ख:पाखे फेतुनाच्वंम्हं छम्ह व्यक्तिं न्यनाच्वंगु बांलासे च्वं । शुद्धोदनया ल्यूने जवं खवं निम्ह मिसातय्सं दना: च्वाम्वलं गालाच्वंगुथे च्वं ।

सिद्धार्थया जन्म सम्बन्धी मुर्तिफलकय् महामायां ज:गु ल्हा: ब्वयेका: सिमाया कचा ज्वनाच्वंगु दु । ह:त्वीसे च्वंगु उगु सिमा शालसिमा ज्वीमा: । ख:गु ल्हा: महामाया लिक्कसं ख:पाखे दनाच्वंम्हसिया महिला मुर्तिया बोहलय् दिकात:गु दु । उम्ह व्यक्तियात महाप्रजापति धका: धायेगु या: । वया ल्यूनेया भागय् ज:पाखे च्वंम्ह मिसायाके ल:थल कमंडलु दु । अभ उखे दनाच्वंम्ह फहिलाब्यूबले ल्हा:

ल्ह्वनातःगु दुसां छु छु याना च्वंगु सी मदु। ध्वया च्वय् ल्हाः बिन्ति यानाच्वंपिं शायद देव देवी ज्वीमाः। थुखे महामायाया बेक्वं सिद्धार्थया जन्म क्यनातःगुलिं ललित विस्तरया वर्णन चरितार्थ यानाच्वन। जःपाखे दनाच्वंम्ह छम्हसिनं नवजात सिद्धार्थ फयेत निपा ल्हाः फैच्वन। ध्वैल्यूने दुपिं निम्ह नं देवतापिं वैगु खँ वाङमयं कनाच्वं। जातकं ट्ठकथाया भासाय् धाःसा न्हापां शुद्धचित्तम्ह ब्रम्हां लुँयां जाःलय् सिद्धार्थ फैकाःगु खःवयां ल्यू लोकपालपिसं चलाया छ्यंगुली फैकाःगु खः। ललित विस्तरया भासाय् धाःसा इन्द्र, शक्र व सहम्पति ब्रम्हा काशीया दिव्य रेशमी कापतं भुनाः क्रमशः नवजात बोधिसत्वयात ग्रहण यानाकाःगु खः।

पेशावर संग्रहालयय् च्वंगु बुद्ध-जीवनी कनीगु मुर्तित मध्यय् सिद्धार्थ जन्म जुबले हे जन्म व उत्पत्ति जूगु बाखं सम्बन्धीया छगु मुर्तिफलक तसकं महत्वपूर्ण जू। पालिभासाय् सिद्धार्थ बू कुन्हु हे यशोधरा, छात्र (सारथी), कालुदायी (अमात्य), मंगलकिसि, कन्थक (सल), बोधिबृक्ष व प्यगःधनघःउत्पन्न जूगु वर्णन दु। पेशावरया बुगु मुर्तिफलकय् कन्थकयात छम्ह मासलं कन्थक जन्म ब्यूगु ध्वया ल्यूने सलत स्वम्ह क्यनातःगु दु। न्ह्यःने छम्ह मिसां अथःथें जाःगु थलय् छम्ह मचायात मोल्हुकाच्वन वैत छन्दकया जन्म धकाःधाइ। थुकथं कन्थक व छन्दकया जक जन्म क्यनाः ललित विस्तरया वर्णनय् कलाकारं कलाकृर्ति महत्व ब्यूगु खने दु। सिद्धार्थयात मोल्हुकाच्वंगु मुर्तिफलकय् स्वख्वः प्यख्वः दुगु थाय्भुथें चक्कंगु थलय् नवजात सिद्धार्थयात थनाः निम्ह परिचारिकापिसं मोल्हुयाच्वन। छम्ह मिसा व छम्ह मिजनं दनाः सिद्धार्थयात घलं लः लुनाच्वन। अले जवं खवं उखे वनाः छम्ह मिजं व मिसां ल्हाः बिन्तियानाच्वन।

सिद्धार्थ लुम्बिनी जन्म ज्वी धुंका मायादेवी देवदह मवँसे नवजात शिशुलिसें कपिलवस्तु लिहाँ वल। थन सिद्धार्थ कपिलवस्तु हःगु धकाः पातय् तैहःगु किपाः कलाकारं ल्वहँतय् कियातःगु दु। सुखयात कुबिया वनाच्वपि न्ह्यःने ल्यूने याना निम्ह जक खने दु। अले थुमि न्ह्यःने सल व मनु छम्ह खनेदु। मेगु मूर्तिफलकय् फेतुनाच्वपिं शुद्धोदन व महामायाया जःपाखे कापतय् भुनातःम्ह सिद्धार्थ स्वयाः असित ऋषिं भविष्यवाणी यानाच्वंगु दृश्य ल्वँहतय् कियातःगु दु। ध्वयां लिपा बुद्धजीवनीलिसे स्वापू दुगु मूर्ति तसकं रोचक जू। वाङमयय् शिशु सिद्धार्थ आखः ब्वनेत वंगु वर्णनयात शिला मूर्तिकारं तःधिसे च्वंम्ह छाय्पाःतःम्ह फै गैवनाच्वंगु चित्रित यानातल। न्ह्यःने दनाच्वंम्ह शायद सिद्धार्थयात शिक्षा बीत ब्वनायंकूम्ह खः। ल्यूने छम्ह मिसाया मूर्ति दु। अले मेगु छगू मुर्तिस आचायं ग्वरः ज्वनाच्वंगु दु।

ग्वरलय् कियातःगु खरोष्ठि आखः तकं दु। आचार्यया न्ह्यःने सिद्धार्थ दु, गुम्हसिगु ल्हाःतय् पात्र थें जाःगु थल दु। पेशावरया मेगु मूर्ति विभिन्न कासा प्रतियोगिता क्यनातःगु खः। सिद्धार्थया विवाह धाइगु मूर्तिया व्याख्यात्मक उल्लेख याये थाकु। यशोधराया ल्हाः ज्वनाः सिद्धार्थयात लःल्हानाबीत सनाच्वन धैगु छगुलि हे जक थुगु मूर्ति विवाह सम्बन्धी थें तायेका ब्यू।

सिद्धार्थया ध्यानमुद्राया मुर्ति तसंक विवेचनीय खः। वाङ्मयय् शिशु सिद्धार्थ जामून सिमाक्वय् ध्यान यात धकाः च्वैतल। थुगु मुर्तिस पूर्ण वयस्क बोधिसत्व ध्यानमुद्राय वज्रासनय् दु। अले पादपीठय् सा वायेकाच्वगु दृश्य कियातःगु दु। सिद्धार्थ व यशोधरा कवच थें जाःगु आसनय् च्वनाच्वंगु दृश्यलिस दुगु ल्वहँकिपाय् सिद्धार्थ बुद्ध खंगु खँ अंकित यानातल। अले सिद्धार्थया गुहत्यागया मुर्तिस यशोधरा खापाय् द्यनाच्वंगु, वैन्ह्यःने खाता लिक्क सिद्धार्थ दनाः थुखे स्वयाच्वंगु जःपाखे बाम्ह अने दुम्ह कंथक सल व ल्यूने छन्दक खने दु। लिसें यशोधराया लिक्वपाखे खाताल्यूनेव फुसपाखे मिसा व मिजं मूर्ति दु। मेगु मूर्ति नं सिद्धार्थया अभिनिष्क्रमणलिसं हे सम्बन्धित खः। कन्थक गयाः वनाच्वंम्ह सिद्धार्थया ल्यूने छन्दक दुथें न्ह्यःनेसं दृढ कथं धिसिमिसि धाःगु कथं बनाः सिद्धार्थयात स्वयाः महाभिनिष्क्रमण याये मते धकाः लिगनाच्वंह मार दु। मारया जःपा ल्हाःतय् तलवार दु। मारया जवय् निम्हं मेपिं देवतापिं हे ज्वीमाः। पेशावार संग्रहालयय् च्वंगु मूर्ति मध्यय् छगू दुर्लभगु मूर्ति छन्दक व कन्थकयात विदाया मूर्ति खः सिद्धार्थं सं त्वाःल्हाये

धुंकाः छन्दक व कन्थकयात बिदा दृश्य हे थुगु मुर्तिया विषयवस्तु खः । बोधुंकया जवगु ल्हाःतं सिद्धार्थं छन्दकयात थःगु राजकीय बस्त्र व आभूषण ब्यूगु सीदनि । खः पाखे मेगु मूर्ति दु, शायद व वसपोलयात काषायवस्त्र दान ब्यूम्ह ब्रम्हा खः । थुगु मुर्तिया नुगः मछिंसे च्वंगु चित्रण खः कन्थक सल । कन्थक सलं जःगु तुति निपा लथ्याना: सिद्धार्थया तुति पालि फेयाच्वन । मिखाया ख्वविं सिद्धार्थया जःगु पालि सिला नं च्वन ।

पेशावर संग्रहालयया दकलय् सकलय् दुर्लभगु मूर्ति खः, दुष्कर चर्यामुर्ति । गान्धार कलाया मूल्यवान् मूर्ति मध्यय् थ्व हे दकसिबे मूल्यवान् मूर्ति खः । थुजाःगु हे लाहोर संग्रहालयया मूर्ति पूर्ण जूसा पेशावर संग्रहालयय् थुगु मूर्ति गःपः ल्हाः निपा व जःया भाग मलूगु कथ खन्डित मूर्ति जुयाच्वन । वपिक्वँय् छपि छपि सी दुथें नसा छपु छपु सी दुगु मिखा गालय् तनाः वंसां समाधिया नीरवता व शान्ति संयमं थ्व मुर्ति पूर्ण जू । पादपीठय् तपस्सु भल्लुकया दान न्हयथनीगु मुर्तित कियातःगु दु, उखे लाहोरया थुजाःगु हे दुष्कर तपस्यायागु मुर्तिया पादपीठय् खुम्ह भिक्षुनि कियातःगु जुयाचवन । थुजाःगु सजीव यथार्थता क्यनीगु महाभिनिष्क्रमणया मुर्ति मेथाय् गनं लूगु हे मदुनि । बुद्धत्व प्राप्तिया निंति दुष्कर तपस्या त्याग याना: वसपोलं मध्यममार्ग ज्वनाविज्यात । सुजाताया क्षीर दान ग्रहण यानाविज्यात अले बोधिबृक्षपाखे विज्यानाच्वंबले स्वस्तिक वसपोलयात घाँय् लःल्हात । स्वस्तिकया घाँय् दानया मूर्ति धात्थें सजीव कथं ल्वहँतय् कियातःगु दु । दनाच्वपिं बुद्ध व स्वस्तिकया मूर्तिया दथ्वी बँय् घाँय्कु दु । स्वस्तिकं ब्यूगु घाँय् गहण यानाविज्याये जक धुंकल, स्वस्तिकं घाँय् लःःहाना: ल्हाः लिजक साःगु अवस्थाया थ्व चित्रण दुरुस्त हे दु । थुगु मूर्तिफलकय् ल्यूनेपाखे छम्ह दनाच्वंम्ह दु । थुजाःगु मूर्ति गांधार कलाय् तःथाय् मछि खने दैच्वन । थ्वैत वं ल्हाःतय् ज्वनाच्वंगु ज्वँसाया आधारय् वज्रपाणि धकाः धायेगु याः,। मेगु छगू मुर्ति वंगल सिमा लिक्क थ्यंम्ह बोधिसत्व लिसे क्षीर दान याःवये न्हयः व दान यानाः लिहाँ वंगु कथंया मिसाम्ह कियातल, बोधिवृक्ष क्वय् मार आक्रमणया निगू मूर्तित मध्ये मार परिषद् जक खने दुगु खण्डित मूर्ति ग्यानपुपिं मार जक मखु, मारपुत्रीपि नं कियातःगु दैच्वन ।

बोधिज्ञान लानाबिज्याये धुंकाः शाक्यमुनि बुद्ध वाराणसी मृगदावनय् बिज्यात । अन पंचभद्रवर्गीपिसं न्ह्यापां ला वसपोलयात तप भ्रष्टम्ह धकाः वास्ता याये मखु धाःगु खः, तर बुद्ध लिक्क थ्यंलिसे इपिं थःथःगु खँय् दिनाच्वने मफुत । लाहोर संग्रहालयया छगू मुर्ति फलकय् पञ्चभद्रपि बुलुहुँ न्ह्या वनाः बुद्धयागु चीवर पात्र कयाः सत्कार याःगु घटना ल्वहँतय् सजीव जुयाच्वगु दु । मेग मूर्तिस पञ्चभद्र वर्गीपिंत बुद्धं थः लिक्क तयाः धर्मचक्र प्रवर्तन यानाविज्याःगु दु । मूर्तिकारं बुद्धयात पृथ्वी भति तजाःगु आसनय् विज्याकातःथे पञ्चभद्रवर्गीपित नं बुद्धया जःखः व ल्यूने फेतुका तः थें बुद्धया आसन क्वय् धर्मचक्र व जवं खवं निम्ह मृग कियातःगु जुयाच्वन । अले मेगु छगू मुर्तिस पादपीठय् मृग छम्ह दुथें बुद्धया जःपाखे च्वंगु धर्म चक्रयात बुद्धं चाःहीक थें हे थियाच्वनाविज्याःगु तःसकं हे मार्मिक जुयाच्वन ।

लाहोर संग्रहालयया मेमेगु मूर्तित मध्यय् ऋद्धि प्रातिहार्य क्वनाच्वंगु लःधाः व मिधाः तुति पालिं प्रवाहित यानातःगु, बुद्धया छचालं बुद्धमुर्ति दुगु, उरुवेलया काश्यपया गुफाय् ऋद नाग गमन यानाविज्याःगु नन्दयात बोध यानाबिज्याःगु, मांयात उपदेश वियाः स्वपु स्वाहाने नापं थनातःगु थासं तुषितलोकं संकाश्यय् क्वहाबिज्याःगु अंगुलिमालं बुद्धया न्हयःने छ्यूं क्वछुकाः शरण वंगु आलक्कं पक्षपाल दमन यानाविज्याःगु कृशा गौतमीयात बोध यानाविज्याःगु, मनुतय्गु खोपडी घानाः इमिगु गति धाइम्ह ब्राम्हणयात बोध यानाविज्याःगु, बुद्धयात मागंधीया अबुं मागंधी बी धाः वनाच्वंगु, अनाथपिण्डकया जेतवन दानानुमोदन बुद्धजीवनीनाप पूर्ण सम्बन्धित मुर्तित खः । बुद्धया महापरिनिर्वाण अग्निसंस्कार धातुया आस्था यानाच्वंगु, अस्थिधातु वितरण, अस्थि विधान यानातःगु चैत्य थुजाःगु हे मेमेगु मुर्तित खः ।

थुकथं पेशावर संग्रहालयय बुद्धमूर्तिया संकलन बुद्ध जीवनीया ऐतिहासिक पक्ष अध्ययन यायेत तःधंगु श्रोत साधन खः, लिसें बौद्धकला संस्कृति अध्ययन यायेत प्रयोगशाला नं खः ।

# भक्तपुरमा भिक्षु आगमन

✍ भिक्षु विपस्सी धम्मारामो महास्थविर

विगत केही शताब्दीदेखि भिक्षुसंघको अभाव रहेको नेपाल उपत्यकाका प्रमुख ३ शहरहरूमध्ये आधुनिक युगमा भक्तपुरमा पनि क्रमैसित गृहत्याग गरेका भिक्षुहरूको आगमन भई धर्म प्रचार गरेको पुराना उल्लेखहरू)

१) नेपालमा ब्रह्मा देशका भिक्षुहरू (नेपाल भाषाबाट अनुदित समाचार)

यही गएको शिवरात्रीको दुई दिन अगाडि भिक्षु अनिरुद्धसँगै कुशीनगरबाट ब्रह्मा देशका उ धम्मवर र उ चन्द्रसूर्य भिक्षुहरू दुईजना नेपालमा आई श्री शान्तिघट विहारमा बस्नुभयो । दुई दिन जति आराम लिईसकेपछि एघार दिन लगातार प्रतिदिन बेलुका नेपालवासी श्रद्धालु उपासक, उपासिकाहरूलाई अभिधर्मको देशना गरी धर्मामृतपान गराउनुभयो । त्यसपछि नेपालका दर्शनीय स्थानहरू दर्शन गर्ने विचारले नम्बुरा (नमो बुद्धाय) जाने इच्छा गर्नुभयो । बाटोमा पर्ने तथा सञ्जोग जुरेकोले भक्तपुरका श्री सम्यकरत्नले प्रथमशील महाविहारमा छोराको चूडाकर्म उत्सवमा उहाँहरूलाई निमन्त्रणा दिनुभयो । फागुन २५ गते उहाँ भिक्षुहरू तथा भिक्षु धम्मालोक, भिक्षु अनिरुद्ध र भिक्षु रत्नज्योतिको सम्मुखमा चूडाकर्म समाप्त भयो ।

ब्रम्हाबाट आउनुभएका उहाँ भिक्षुहरू चूडाकर्म विधि हेर्न पाएकोमा अति नै खुशी हुनुभयो । त्यसको भोलिपल्ट दिनभरि बनेपामा बसी त्यहाँका उपासक-उपासिकाहरूलाई आफ्नो भाषामा धर्म देशना गर्नुभयो । भिक्षु अनिरुद्धले भाषा परिवर्तन गरी सुनाउनुभयो । त्यसको भोलिपल्ट बनेपाका उपासक-उपासिकाहरूसँग नम्बुरा जानुभयो । भोलिपल्ट बनेपाका अरु उपासकहरूले नाला करुणामय स्थानमा बुद्ध-पूजा गरी भोजन गराए । भोजन सकिएपछि भक्तपुरमा फर्केर आई धर्मदेशना गर्नुभयो । चूडाकर्म गरेको शुभअवसरमा नै ब्रह्मा देशको रुलअनुसार श्रामणेर बनाउन पाएमा नेपालमा नयाँ कामको थालनी हुनेछ भनी श्री सम्यकरत्नले विचार गर्नुभयो । तर बच्चा ५-६ वर्षको मात्र भएको हुनाले अहोरात्र शील पालना गर्न सक्नेछैन भनी गुज्यरत्न भाजुलाई बेलुका ६ बजेतिर श्रामणेर दीक्षादिई चीवर पहिराई शासनरत्न नामाकरण गरी भोलिपल्ट बिहान चीवर विसर्जन गराई लिनुभयो । दीक्षा दिएकै दिनको बेलुका दीपंकर तथागतको विहारमा धर्मदेशना गर्नुभयो । एक रात मात्र भएपनि प्रव्रज्याभावमा बसेको पुण्यको प्रभावले शासनको कामगर्न सकोस् भनी आशिर्वाद दिएर उहाँ भिक्षुहरू शान्तिघट विहारमा फिर्नुभयो ।

स्रोत : धर्मोदय नेपालभाषाको एकमात्र मासिक पत्रिका, बैशाक अंक, वर्ष ३, अंक ७, पूर्ण संख्या-३२

सन् १९५० (वि.सं २००७) भिक्षु धम्मवर = भिक्षु धम्मावुध, प्रथमशील महाविहार= प्रसन्नशील महाविहार, देवननी, क्वाठण्डौं, वडा नं. ४, भनपा. । ब्रम्हा देश = म्यानमार । शान्तिघट विहार = श्रीघ: विहार, नघल, काठमाडौं ।

२) सारिपुत्र र मौद्गल्यायन अरहन्तहरूको पवित्र धातुको स्वागत समारोह

२० कार्तिक-७ मंगसिर २००८ साल

धर्मोदय पत्रिका, वर्ष ५, अंक १-२ बाट **भक्तपुर** अंशको ***नेपाली अनुवाद***

भोलिपल्ट मंगसिर ४ गते धातु **राखिएको** चैत्य सुसज्जित मोटरमा राखी श्री सुमंगल **विहारबाट** जात्रा

गरी भक्तपुरमा सवारी चलाइयो। बीच बाटोमा ठिमी शहरवासी जनताहरूलाई भिक्षु अमृतानन्दज्यूले धातुको परिचय सुनाउनुभयो। दिउँसो २ बजेतिर भक्तपुरका स्वागत समितिको तर्फबाट सुसज्जित गरी सजाइएको



मंचमा धातुचैत्य विराजमान गराइयो। यहिं नै नयाँ प्रधानमन्त्री माननीय श्री मातृकाप्रसाद कोइरालाज्यूको सभापतित्वमा एक बृहत स्वागत सभा भयो। सर्वप्रथम गीतागृहका बालिकाहरूबाट स्वागतगान भयो। त्यसपछि विभिन्न प्रतिनिधिहरूबाट भाषण भयो। कमाण्डर इन चीफ श्री किरण शमशेरले भाषणमा भगवान् बुद्ध नेपालमा जन्म हुनुभएको हुनाले विश्वमा नेपालीहरूको नाम प्रसिद्ध हुनगयो। अतएव हामीले उहाँ महापुरुष भगवान् बुद्धका शान्ति शिक्षालाई आचरण गरी लानसक्नुपर्दछ भन्नुभयो। फेरि सारिपुत्र र मौद्गल्यायन धातु नेपालमा आगमन भई एउटा ठूलो ऐतिहासिक परिवर्तनको आदर्श देखाइदियो पनि भन्नुभयो। प्रधानमन्त्रीज्यूले भाषण गर्दै, हालमा मात्रै म तपाइँहरू सबैको अनुग्रहले यो पदमा बसेँ। मैले जनताको पूर्ण सहयोग प्राप्त गरी देशको कल्याण गर्नसकुँला भन्ने आशा गरिरहेको छु। भगवान् बुद्ध हाम्रो देशमा जन्मेर विश्वमा बडो ठूलो मैत्रीभावको प्रचार गरी हाम्रो नेपालको ठूलो इज्जत राखीदिनुभएको छ। त्यस्ता नेपालरत्नको इज्जत हामीले पनि राख्नसक्नुपर्दछ, भन्नुभयो। सभाको काम सिद्धिएपछि सर्वसाधारण जनतालाई दर्शन गराउनको लागि माननीय प्रधानमन्त्रीज्यूले धातुचैत्य खोलेर उद्घाटन गर्नुभयो। भोलि मंगसिर ५ गते दिउँसो १ बजेतिर अस्थिधातुको चैत्य बनेपामा सवारी चलाइयो।

सारिपुत्र र मौद्गल्यायन = भगवान् बुद्धका युगल अग्रश्रावक अर्थात् सर्वोच्च भिक्षु शिष्यहरू। अरहन्त = ध्यान सिद्ध भएका भनी भगवान् बुद्धबाट सिफारिश प्राप्त व्यक्ति।

३) भक्तपुरको मुनि विहारका उद्धारक भिक्षु रत्नज्योतिसँग संवाद-

भिक्षु सुदर्शन : भन्ते कति वर्षको हुँदा श्रामणेर हुनुभएको हो ?

भिक्षु रत्नज्योति : म ९२ सालमा हो। ९२ सालमा श्रामणेर बनेर हाम्रो किण्डोल विहारमा चन्द्रमणी भन्तेको चिट्ठी एउटा लिएर आएको थिएँ। त्यसबेला हामी भन्तेहरू



धेरै थियौं। १०-१२ जनाभन्दा पनि धेरै थियौं। अनि मैले चिट्ठी दिएँ। हुन्छ, लौ ह यहीं बस्, भन्यो। कुमार, अग्गधम्म, चुन्द यतातिर ढोकाबाट पस्ने ठाउँको ठिक अगाडि छाना भएको एउटा सानो घर छ नि। उनीहरू ३-४ जना त्यहीं बस्थे। पछि वर्षावास नजिक आयो।

धम्मालोक भन्तेले 'म त यो सालको वर्षावास उता ख्वाउँबुँगाचाको माथि (वर्तमान आनन्दकुटी विहारमा) बस्नजान्छु ।' भने । मैले भनें, 'त्यसो भए म पनि आउँछु । .....'

भिक्षु सुदर्शन : तपाइँ श्रामणेर भएको कसको उपदेश सुनेर नि ? कसो भएर श्रामणेर बनेको हो त ?

भिक्षु रत्नज्योति : म श्रामणेर भएको कसैको नि उपदेश सुनेर होइन ।

भिक्षु सुदर्शन : कसरी मनमा आयो नि त ?

भिक्षु रत्नज्योति : त्यसबेला मैले कोही भन्तेहरूलाई चिनेकै थिइनँ । म त्यहाँ कलकत्ता गएको बेलामा कलकत्तामा बसिरहेको बेलामा रेष्टोरेन्टमा लंकाका भन्तेहरू उपसम्पदा हुन् कि श्रामणेर हुन् थाहा छैन, पहेंलो वस्त्र लगाइराखेकाहरूलाई हेर्न गएको थिएँ । त्यहाँ मैले सोधें, आप लोगोंका मकान कहाँ है ? उनीहरूले 'हम लोगोंका मकान लंका है भने ।' 'आपलोग क्या है ?' भनी सोद्धा, 'हम भिक्षु हैं ।' भनी जवाफ दिए । मैले भनें, 'हम भी भिक्षु है ।' उनीहरूले सोधे, 'आप क्या भिक्षु हैं ?' 'हम शाक्य भिक्षु हैं ।' भनी जवाफ दिएँ । उनीहरू कराए, 'अरे बाफ रे बाफ,' शाक्य भिक्षु तो बडा अच्छा है, किन्तु ऐसा गृहस्थीका वस्त्र लगारहा है । आप कैसे भिक्षु होता है ?' यसरी उनीहरूसँग कुराकानि गर्दै गएर मैले भनें, 'ऐसा कपडा हमें भी देदो । हमें भी ऐसा होना इच्छा है ।' उनीहरूले भने, 'हम नहीं दे सकता अभी ।' मैले सोधें, 'कौन दे सकता है ?' कुशीनगर के चन्द्रमणी महास्थविर बाबा के पास जाओ ।' भने । भन्नासाथै तुरन्तै गृहस्थी लुगा फालेर धोती एउटा बाँधेर पछ्यौरा एउटाले ओढेर गएँ ।'

भिक्षु सुदर्शन : त्यसबेला आमाको अनुमती लिनुभएन, होइन र ?

भिक्षु रत्नज्योति : कहाँ लिनु नि, आमा यहाँ नेपालमा । म त्यहाँ कलकत्तामा । कहाँ बचन लिनजानु ?

(२००१ सालमा नेपालबाट निर्वासन भएका थेरवादी भिक्षुहरू निर्वासन फुक्का भएपछि २००४ सालतिर



भक्तपुरको प्रमुख पर्वदिन सम्यक दानमा भिक्षुहरूद्वारा दीपंकर बुद्ध भगवान्को दर्शन र पूजा

फर्केर आउन थाले ।) चोबहालमा बसेँ । त्यसपछि सुमंगल विहारमा बसेँ । छैठौं वर्षावास· ईबहिलमा बसेँ । चोबहालमा एउटा वर्षावास । किनूबहालमा एउटा । सातौं वर्षावास किनूबहिलमा गरेँ । अनि मुनि विहारमा बस्न आएको हुँ ।

भिक्षु सुदर्शन : यो मुनि विहार सर्वप्रथम कुन सालमा बनेको हो ? याद छ कि ?

भिक्षु रत्नज्योति : यो विहार बनेको २००९ सालमा हो । त्यो सालमा म यहाँ बस्न आएको हुँ ।

२०२९ सालतिरको अन्तर्वार्ता, स्रोत स्व. भिक्षु रत्नज्योति महास्थविर स्मृतिग्रन्थ, २०५७ सालमा प्रकाशित ।

महास्थविर = पूर्ण भिक्षुदीक्षा पाएर २० वर्ष पूरा भएको वरिष्ठ भिक्षु ।

चोबहाल = कीर्तिपुरस्थित आनन्दादि लोकेश्वरको मन्दिर भएको विहार ।

सुमंगल विहार = ललितपुरको पहिलो थेरवादी विहार ।

किनूबहाल = ललितपुरको लगनखेलनिरको पुरानो विहार जहाँ अहिले युवक बौद्धमण्डलको कार्यालय छ ।

ईबहिल = ललितपुर नगरको उत्तरीछेउको यम्पि महाविहार जहाँ ईबहिथूर छ ।

४) दुईवटा दानपत्रको उतार

(उर्दू ढंगका लेखौतको हिज्जेलाई यथावत राखे पनि पठन सरल पार्न शब्दविनियोजन गरिएको)

क)

लिखितम् हामी तपसिल बमोजीमका मानिसहरू आग्ये हामीहरूको पुर्खाले थापीट्‌गरी आएको हामीहरूको



**सारिपुत्र र मौदगल्यायनको अस्थिधातु जात्रा, तौमढी, भक्तपुर नगर ।४ मंगसिर २००८।**

भोगचलन भएको भ.पु. ईनाचो टोलको मुनी विहार पूर्व स्वमुनी विहारैका जग्गा पश्चिम रैकर खेत दक्षिण सर्वासीध बुधाचार्ज्ये भीमराज बुढाचार्ज्येहरूको खेत उत्तरबाटो येती ४ कीलाभित्रको विहार पूर्वपश्चीम लमाई फुट ७५ उत्तर दक्षिण चौडाइ फुट ७५ को जग्गा र स्व. ठानमा थापीत भएका देवताहरूको समेत हामीहरूले हेरदेख गर्न नसकी जत्रतत्र भैरहेका हुँदा तपाइँ ल.पु. यंपी विहार बस्ने रत्नजोती भंतेले म चन्दा उठाई जीर्णउधार गर्छु मलाई छाडीदेउ भनी हामीहरू भएमा भन्न आउनु भएको हुँदा हामीहरूको चित बुझ्यो तपाई भंतेले जेजो गर्नुपर्छ गर्नु हामीहरूको हक भनी कौनै कुराको उजुरबाजुर गर्नेछैन भनी हामीहरूको मनोमान खुशीराजीसँग साछीका रोवरमा छोडपत्र लेखिदियौं यो कागत लेखेको मुकाम सोही मुनी विहारमा लेखेको हुँ साछी कीनारामा लेखेको सदर

तपसील

भ.पु. ईनाचो टोल बस्ने सर्वासीध बुढाचार्ज्ये वर्ष ५५ को ए गोल्मढी टोल बस्ने वर्ष ४९ को भीमराज बुढाचार्ज्ये ईती सम्वत् २०१० साल आषाढ ३२ गते रोज ४ शुभम्

साछी

भ.पु. ईनाचो टोल बस्ने रत्नराज बुढाचार्ज्ये १

ए ए बस्ने जोगरत्न बुढाचार्ज्ये १

ए ए बस्ने मानबहादुर बुढाचार्ज्ये

स्ही लेषकराम्दास कार्जी भ.पु. गोल्मढी १

ख)

लिखितं भ.पु. ईनाचो टोल बस्ने वर्ष ७० को रत्नराज बुधाचार्ज्ये आग्ये पूर्व बाटो पश्चिम बीरबहादुर बनमालाले कमायाको रैकर उत्तर बाटो दक्षिण हर्षबज्र रत्नवज्रहरूको खेत यी ४ कीला भित्रको ईनाचो टोल मुनी विहार स्थापित भएको धर्मशाला तथा मन्दिर बिग्री सो जीर्णउधार गरनालाई भक्तपुर नगर पञ्चाएत अडाबाट २०१० फागुण १८ गते नक्सापास पुर्जा समेत भएको सो बनाउनलाई मेरो आवगात नपुगेको हुनाले सो नक्सा बमोजिमको जग्गा तपाइँ सोही भ.पु. मुनी विहार ईनाचो टोल बस्ने वर्ष ४५ का रत्नजोती भीछुकलाई नक्सा र पुर्जा समेत सौपी प्रदान गरीदियाँ सो जग्गामा नक्साबमोजिम मुनी विहार धर्मशाला बनाउनु मैले कौनै दावी र उजुर गरनेछैन भनी मेरा मनोमां खुशरु राजीसँग लेखकका घरद्वारमा बसी प्रदानपत्र लेखि तपाइँ भ.पु. ईनाचो मुनी विहारमा बस्ने रत्नजोती भीछुकलाई दियो। इति सं २०१० साल चैत्र १ गते शुभम् ।

तपसील

**जेठाघरको छोरा सप्तरत्न बुधाचार्य**



पछाडि उभेका श्रामणेरहरू सुमंगल, अग्गधम्म, चुन्द, कुमारकाश्यप तथा रत्नज्योति
मेचमा बसेका भिक्षुहरू धम्मालोक, प्रज्ञानन्द तथा सुबोधानन्द, भूइँमा बसेका किशोरहरू बुद्धरत्न शाक्य (भावी भिक्षु अश्वघोष) तथा जिनदास तुलाधर (भाषाजवाः मानदास तुलाधरका कान्छा छोरा)
मिति वि.स. २०००, स्थान किण्डोल विहार, स्वयम्भू, काठमाडौं ।



त्रिभुवन विमानस्थलमा श्री ५ त्रिभुवनबाट की अस्थिधातुको स्वागत (२७ कार्तिक २००८)

# *Buddhist concept of KARUNA*

✍ Arnitara Bajracharya

The ancient saints have emphasized on some important things such as love, tolerance,compassion, sympathetic joy etc. Now, more than ever before we need these qualities for a good and healthy society . Karuna is one of the virtues we must cultivate. An attempt is made here to discussed the concept of Karuna of universal love and compassion, as described in Buddhism .

Buddhism aims at raising the quality and spiritual life of all human beings . Its message of compassion, kindness and friendliness have a universal dimension . The root couses of tension lie in greed and selfishness. Another reasons of tension is the belife that one religion is alone is supreme, and all other religion and sects are inferior . what we urgently need today is the removal of the seeds of hatred and malevolence from the minds of all religion communities

The four sublime abodes called Brahamavihar are loving-kindnesss(metta), compassion(karuna), altrustic joy(mudita), equanimity(upekkha). These are supreme sources for the purification of the mind .Compassion and love are things of great importance in life . The Buddha's life and teachings are based on these very concepts . The Buddha was the embodiment of boundless compassion and love and is, therefore ,called Mahakarunika.

The Buddha was not motivated by consideration of personal gain but was concerned solely with the well-being of all human beings. We all know the story of Mara, the embodiment of sense desire, who tries to dissuade the Buddha against preaching . The Buddha rejected Mara's request saying:

> The Harmonious One is sympathetic
> To others' welfare . He is enlightened
> When He teachers. He is liberated
> From desires and dissatisfaction.

Buddhism has given the message of human service, love, compassion and cooperation, In fact, the very aim of the Buddha's teaching is to show the path of Dhamma for the welfare of maximum number of peple .

Buddhism attaches great importance to compassion. Compassion creates a sense of sympathy and empathy . In other words, compassion is a non-problematic desire to remove sorrow and miseries of life. Compassion is not verbal sympathy but a realistic attitude towards removal of sufferings. It is a quality that generates tender feeling in the human heart at the sight of others suffering. A compassionate person neither kills other beings nor hurts them. Any teaching of violence or hatred vanishes with the arising of compassion . In brief, we can say that compassion is the name of moral volition for the eradication

of suffering of the beings in trouble.

In Mahayana Buddhism, scholars have given much importance to this quality. Therefore, a Boddhisattva is not interested in his/her own liberation, but strives for the well being of all living creatures. According to the Mahayana vehicle, a Boddhisattva must cultivate Karuna in consciousness and in the heart. For Avalokitesvara Bodhisattva, even obtaining Nirvana is a secondary thing. Compassion for all Sentient beings is the foremost duty of the Boddhisattva. The Buddhist literature especially the Jatakas, Avadanas, and the Mahayana Sutras abound in stories and legends of charitable and self-sacrificing men, women and animals.

It was indeed the spirit of love and compassion taught by the Buddha that touched the heart of Ashoka who emphasized conquest by righteousness (Dharmavijaya). The Buddha's compassion and love played a magical role in converting people to the Buddhadharma. He was so much impressed by the Budda's message of compassion and love that he did not only accept the *Buddhadharma* but rather he played an important roly in spreading Buddhism throughout South East Asian Counteries. He dedicated his wealth and means, his son and daughter, and himself to the welfare of people and for the sublime doctrine of the Buddha.

Buddhist ideas were deliberately incorporated into Hinduism. What once had been attractive in Buddhism could now be found theoretically in Hinduism as well. The *Rigveda* contains a detailed discussion concerning how we can cultivate those good qualities in our daily life. Buddhists believe that love flows spontaneously like a river benefiting all who are far and near, high and low, pure and inpure . The *Rigveda,* says that all human beings are pure from their very birth and they are equal. Nobody is high or low .

In the Hindu society people are divided into four castes i.e., Brahman, Chetri, Vaishya and sudra giving supremacy to the priestly caste, the brahman. The Hindu social structure rests on the caste system or the division of society in terms of duties, occupation and social status .This caste phenomenon is a special feature of the Hindu society, which continues still now . Caste discrimination is a national problem .

It is generally believed that Buddhism is an instrument of social change and that the Buddha was a great social reformer, who believed in the equality of all human beings. His efforts for the eman cipation of the lower castes a sort of social evolution in society . With this observation we can analyse the practical measures adapted by the Buddha to get rid of numerous social problems.

For instance, we may take into consideration the Buddhhist practice of alms. Caste discrimination was maintained in the matter of food and water by Hindus especially Brahaman .The people of higher castes do not take anything touched by the peoople of lower castes .The Buddha and his disciples lived on alms collected from door to door without leaving any house not making discrimination on the ground of caste,rank, status, or position. All the people were equal in the eyes of Buddha, the compassionate one . The Buddha said that nobody was a Sudra or Brahman by

birth, but he or she would become Sudra or Brahaman on the basis of the deeds performed .

On several occasions, the Compassionate One refused royal invitation in preference to the poor and the downtrodden. Thus, out of compassion he accepted the invition Of Ambapali (courtesean) by refusing invition of Licchavi princes.

Another touching story is that of Ananda and Chandalika. Ananda asked Chandalika to give him water to drink . Chandalika refused it because she was a girl of lower caste . In reply, Ananda said that he wanted water and that had nothing whatever to do with her caste.

In the Hindu tradition, the main duties assigned to women were child bearing and housework. An unmarried life was seen as wasted life and unmarried women were social out caste. In Buddhism, Married life was viewed as hindrances to spritual pursuits . The Blessed One threw open the doors of His monastic order for the members of all castes without any distinction whats oever . This is the true of both the Bhikkhu Sangha, and Bhikku Sangha Mahakaruna or great compassion was the motive force behind all action of the Buddha .

Grace and compassion are the hallmarks of Lord Buddha's personality and his dispensation,and it is due to this fact his Dhamma crossed the apparently insuromountable geographical and national boundries and captured the mind and imagination of the whole mankind .And the process continues. More and more people are becomming enlightened due to Buddhist wave of compassion .

Compassion is a key to individual as well as social happiness, social amity, and universe peace.

we are indeed passing through the most critical phase of human history. There is a lot of misery and suffering in the world . Compassion is needed for peace and happiness .


**२५६० औं बुद्ध जयन्तीया**

**लसताय् सकल मानव पिनिगु भिंगु चेतना जागृत जुइमा धका भिन्तुना देछाय् च्वना ।**

| *यहाँ* | *हाम्रो सेवाहरू* |
|---|---|
| स्त्रीरोग तथा प्रसुती रोग, बाँझोपन, छाती तथा मुटुरोग, दम, खोकी, हाडजोर्नी, नशा तथा मनोराग, पेट तथा पत्थरी रोग, चर्म तथा यौन रोग ग्याष्ट्रिक, चिनी (Sugar) रक्तचाप (Blood Pressure) माइनर अप्रेशन, आदिको उपचार गरिन्छ । | ☙ प्याथोलोजी सेवा (रगत, दिशा, पिसाव, विर्य आदी सम्पूर्ण जाँच)<br>☙ अक्सिजन, ($O_2$), नेवुलाइजर, अक्सिजन कन्सिलेटर र पार्टस विक्रि तथा भाडामा<br>☙ TT, Rabies, Hepatities B Vaccine<br>☙ ड्रेसिङ टाँका, इन्जेक्सन, सलाइन<br>☙ सुगरको इन्सुलिन (Insuline Injection) साथै X-ray Videoxray, Endoscopy ECG, Echo, Ctscane ECG को सरल सेवा लिन हामीलाई सम्पर्क गर्नुहोस् । |

**भैषज्र्य वासः पसः क्लिनिक**

इनाचो, भक्तपुर-६

# आचार्य दीपंकर श्रीज्ञान

✍ रत्नसुन्दर शाक्य



तिब्बतमा बुद्धधर्म प्रचार गर्नमा विशेष योगदान दिने महापुरुषहरूमध्ये आचार्य शान्तरक्षित (इ.सं.६५०-७५०) र आचार्य कमलशील (इ.सं.७१३-७८६) पछि आचार्य दीपंकर श्रीज्ञानको नाम प्रमुख हुन आउँछ। संस्कृतका अमूल्य ग्रन्थहरूलाई तिब्बती भाषामा सुलभ (अनुवाद) गर्नुभएकोमा उहाँ दुबै जना आचार्यहरूमध्ये अगाडि थिए। तिब्बतीहरू उहालाई "अतिशा" ( धर्मस्वामी श्री अतिशय) को नामले पनि पुकार्दछन्।

उहाँको जन्म सन् ९८२ मा, पूर्वी भारतको सहोर भन्ने स्थानमा भएको थियो। उहाँ राजा कल्याणश्री र रानी प्रभावतीको तर्फबाट दोस्रो पुत्र चन्द्रगर्भको रुपमा जन्मनुभएको थियो। उहाँको दाजु पद्मगर्भ र भाइ श्रीगर्भ थिए।

राजा कल्याणश्रीको विक्रमशीला विहारसित घनिष्ठ सम्बन्ध थियो, जुन विहार त्यसबेला एक विश्व विख्यात बौद्ध शिक्षणालय थियो, जुन शिक्षणालय राजधानी भंगलपुर (वर्तमान-भागलपुर) मा नै अवस्थित थियो।

राजा कल्याणश्रोले राजकुमार चन्द्रगर्भलाई ३ वर्षको अस्थामा नै पढ्नको, निम्ति पठाउनुभयो। ११ वर्षको उमेरमा त वहाँले लेखपढ गर्नुको साथै गणित र व्याकरणमा पनि असाधारण ज्ञान प्राप्त गरिसक्नुभएको थियो।

यसरी प्रारम्भिक शिक्षा प्राप्त गरिसक्नुभएपछि राजकुमार चन्द्रगर्भले भिक्षु भई निश्चिन्ततापूर्वक अध्ययन गर्ने संकल्प गर्नुभएको थियो।

एक दिन अनायास उहाँ महापण्डितको साथै महा वैयाकरण (व्याकरणमा उच्च ज्ञान भएका) भिक्षु जितारि कहाँ पुग्नुभयो। राजकुमारले आफ्नो इच्छा जाहेर गरे जसको प्रत्युत्तरको रुपमा भिक्षु जितारिले नालन्दामा गई प्रव्रजित हुने परामर्श दिए। उहाँको विचार थियो कि यदि राजकुमार विक्रमशीला मै प्रव्रजित भइरहयो भन्ने "राजाको पुत्र हुँ" भन्ने अभिमान सदा आइरहन सक्छ।

महापण्डित जितारिको सुझाव अनुसार राजकुमार चन्दगर्भ मातापिताको आज्ञा लिई नालन्दा जानुभयो। नालन्दा पुग्नासाथ नालन्दाका राजाले आश्चर्य प्रकट गरी सोधे- आफ्नै देशमा विक्रमशीला महाविहार छँदाछँदै यहाँ किन पढ्न आएको ?

यसको प्रत्युत्तरमा कुमार चन्द्रगर्भले नालन्दाको प्राचीनता र विशेषताको बयान गरे। हो पनि, त्यसताका रहेको ४ प्रमुख बौद्ध शिक्षणालयहरूमध्ये नालन्दाको महत्त्व निकै अगाडि बढेको थियो। अन्य ३ थिए- १) विक्रमशीला २) ओदन्तपुरी (विहारशरीफ) ३) बज्रासन (बुद्धगया)

चीनियाँ यात्री हुयन-साङ्ग (७ औं शताब्दी) को समयमा नालन्दा महाविहारमा १५०० अध्यापक र १०,००० विद्यार्थी थिए। हुयन-साङ्गले नालन्दामा प्रविष्ट हुन पाउनु नै उच्च योग्यताको परिचायक मानिने कुरालाई

पुष्टयाई यहाँसम्म लेखेका थिए कि कुनै कुनैले त भूठ बोलेर भएपनि नालन्दाको स्नातकवाला भनी धेरै जसो स्थानहरूमा विशेष सम्मान प्राप्त गर्दथे ।

राजकुमार चन्द्रगर्भले नालन्दाका राजाबाट सिफारिश प्राप्त गरी नालन्दा विश्वविद्यालयमा प्रविष्ट हुनुको साथै आफूलाई यथायोग्य स्थानको प्रवन्ध पनि पाएको थियो । उहाँ नालन्दा विश्वविद्यालयका कुलपति (प्रधानाचार्य) भिक्षु वोधिभद्रको हातबाट श्रामणेर हुनुभयो र नाम पनि उहाँबाटै "दीपंकर श्रीज्ञान" राखियो ।

यसरी राजकुमार चन्द्रगर्भ १२ वर्षको उमेरमा श्रामणेर हुनुभयो र भिक्षु (उपसम्पदा) हुन २० वर्षको उमेरमा हुनुपर्ने हुनाले ८,९ वर्षको निमित्त आचार्य बोधिभद्रले उहाँलाई आफ्नो गुरु अवधूतिपाद (मैत्रीपा) कहाँ (राजगृहमा) लिएर गए, जहाँ दीपंकर श्रीज्ञानले १८ वर्षको उमेरसम्म (६ वर्ष) प्रशस्त धार्मिक ग्रन्थ ( शास्त्र) हरूको अध्ययन गरे ।

यसपछि दीपंकर श्रीज्ञान १८ वर्षकै उमेरमा मन्त्र-शास्त्रको विशेष अध्ययन गर्न त्यस समयमा प्रसिद्ध तान्त्रिक ८४ सिद्धहरूमध्ये एक, विक्रमशीला महाविहारको उत्तरद्वारका द्वारपण्डित "नारोपा" (नरोत्तमपाद) कहाँ गए, जहाँ दीपंकरले २९ वर्षको उमेरसम्म (११ वर्ष) नारोपाका शिष्य भई विक्रमशीलामा आफ्नो अध्ययन समाप्त गरे तर पनि उहाँको ज्ञान-पिपासा शान्त भएको थिएन । उहाँ त्यहाँबाट बोधगयाको बज्रासन महाविहारका प्रधान भिक्षु दोर्जेदन पा (बज्रासनी-पाद) कहाँ गए, त्यहाँबाट बज्रासनकै "मति-विहार" मा जानुभयो र उहाँ त्यहाँको महाविनयधर (विनयपिटकका महाविद्वान) भिक्षु शीलरक्षितको तर्फबाट उपसम्पन्न हुनुभयो ।

दीपंकर श्रीज्ञानले भिक्षु शीलरक्षित कहाँ दुई वर्ष रही सारा विनयपिटकको अध्ययन गर्नुभयो ।

यसरी ३१ वर्षको उमेरमा दीपंकर श्रीज्ञान विभिन्न शास्त्र, त्रिपिटकको साथै तन्त्रशास्त्रको पनि महा पण्डित हुनुभयो ।

यति भएर पनि, उहाँको ज्ञानपिपासा अझै शान्त भएको थिएन । उहाँले सुवर्णद्वीप (वर्तमान सुमात्रा) का आचार्य धर्मपालको प्रसिद्धि सुनिराख्नुभएको थियो । अत: उहाँकहाँ गई अध्ययन गर्ने निश्चय गरे । तदनुसार बुद्धगयाबाट विदा लिई दीपंकर श्रीज्ञान ताम्रलिप्ति ( तमलुक, जिल्ला मेदिनीपुर) को बाटोबाट समुद्रतटमा पुग्नुभयो र त्यहाँबाट जहाजमा चढी अनेक विघ्नबाधाहरू सहन गर्दै १४ महिना बिताई सुवर्णद्वीप पुग्नुभयो ।

आचार्य सुवर्णद्वीपीय धर्मपालकहाँ दीपंकर श्रीज्ञानले अनेक दर्शन सम्बन्धी प्रशस्त ग्रन्थहरूको बौद्ध दार्शनिक असंग (सन् २८०-३६०) का "अभिसमयालंकार" र आचार्य शान्तिदेव सन. ६९१-७४३) का "बोधिचर्यावतार" पनि समाविष्ट थिए ।

आचार्य दीपंकर श्रीज्ञान सुवर्णद्वीपमा १२ वर्षसम्म अध्ययन गरिसकेपछि पूरा ४४ वर्षको उमेरमा विक्रमशीला महाविहारमा फर्कनुभयो र आफ्नो असाधारण योग्यताको कारण ५१ जना पण्डितहरूको अग्रजको साथै १०८ वटा विहार तथा देवालयहरूको नायक हुनुभयो । त्यसबखत विक्रमशीला महाविहार ( महाविद्यालय) का प्रधान भिक्षु रत्नाकर शान्ति (शान्तिपा) थिए, उहाँ पनि आचार्य सुवर्णद्वीपीय धर्मपालका शिष्य भईसकेका थिए ।

यसरी ११ औं शताब्दीको शुरुमा (सन् १०२६-२७ मा दीपंकर श्रीज्ञान विक्रमशीलाका आठ (८) जना महापण्डितहरूमा एक हुनुभएको थियो ।

तिब्बतमा सातौं शताब्दीको मध्यमा सम्राट स्रोङ्चन गम्पोले बुद्धधर्म भित्र्याएको थियो । तिब्बतमा यो धर्म सम्राट स्रङ्चन गम्पोको दिग्विजयको कारणले सन् ६४० मा नेपालका सम्राट अंशुवर्माकी छोरी भृकुटी (खिन्चुन्) ले दाइजोको रुपमा ल्याएकी थिइन् । यसको वर्ष दिनपछि फेरि चीन नरेशकी राजकन्या बेचिन ( कोङ-जो) ले पनि दाइजोको रुपमा एक भव्य ऐतिहासिक बुद्ध मूर्ति तिब्बत ल्याएकी थिईन् । यी चीनी राजकन्या

कोङ-जोले आफूले ल्याएको बुद्धप्रतिमा स्थापित गर्न ल्हासा नगरको उत्तरी भागमा "रमोछीका मन्दिर" बनाएकी थिईन् तर नेपालकी राजकुमारी भृकुटी सित आफूले ल्याएका अक्षोभ्य, मैत्रेय तथा ताराको मूर्ति स्थापित गर्न त्यसरी मन्दिर बनाई स्थापित (प्रतिष्ठित) गर्न त्यति सम्पत्ति थिएन, यो कुरा सम्राटले थाहा पाई ल्हासा नगरको मध्यमै "खुल-सनङ" नामक एक सुन्दर मन्दिर बनाई ती मूर्तिहरू प्रतिष्ठित गरेको थियो। चीनी राजकन्याले बनाएको मन्दिरको साथै नेपाली राजकुमारीको निमित्त बनाइदिएका ती मन्दिरहरू अहिलेसम्म पनि विद्यमान रहेको कुरा महापण्डित राहुल सांकृत्यायनले लेखेकाछन्।

यसरी शुरुवात भएको बुद्धधर्मले तिब्बतमा उन्नति अवनति गर्दै ११ औं शताब्दीको पहिलो दशकदेखि फेरि विकार पैदा भएको कारणले राजभिक्षु येशेओ ( ज्ञानप्रभ) ले धर्मको सधार गर्न २१ जना होनहार तिब्बती बालकहरूलाई दश वर्षसम्म तिब्बतमै राम्रो शिक्षा दिइसकेपछि उच्च शिक्षा हासिल गराउन काश्मिर पठाएको थियो तर मानसरोवर जस्तो ठण्डा ठाउँमा रहने ती नौजवानहरूलाई काश्मिर पनि धेरै गर्मी ठाउँ हुन गयो, यहाँसम्म कि २१ जना युवाहरूमा सिर्फ २ जनामात्र (रत्नभद्र र सुप्रज्ञ) तिब्बत फर्कन पाइयो। रत्नभद्र (सन् ९५८-१०५५) पछि आएर तिब्बतका एक प्रमुख अनुवादक बन्न गएको थियो।

तान्त्रिक बौद्ध धर्मको सुधार गर्न सिर्फ एकजना विद्वान (रत्नभद्र) को सहायताले मात्र सम्भव नहुनु, साथै पढाउनको निमित्त वाहिर (भारत) पनि पठाउन नहुनु आदि कारणले राजा भिक्षु येशेओले यही निश्चय गरे कि भारतबाटै कुनै एक पण्डितलाई तिब्बत बोलाई धार्मिक सुधार गराउनु वेश हुनेछ। त्यसबेला विक्रमशीलामा पश्चिमी तिब्बतका विद्यार्थीहरू पनि पढ्न आउने गर्दथे। उनीहरूको तर्फबाट राजा ज्ञानप्रभ येशेओ)ले आचार्य दीपंकर श्रीज्ञानको प्रसिद्धि सुनेका थिए। उहाँलाई तिब्बत भित्र्याउने आशयले केही मानिसहरूलाई विक्रमशीला विहारमा पठाए। तर दीपंकर श्रीज्ञानले भोत जान स्वीकार गरेन। तैपनि राजा येशे-ओले हरेश खाएनन्। फेरि एक दल विक्रमशीला पठाउन तयार गरे, तर धनको अलि कमी भएको कारणले राजा येशे-ओ सुन एकत्र गर्न सीमान्त प्रदेश (गर्लोग) गएको थियो, त्यही राजा येशे-ओलाई गर्लोग्का राजाले पक्राउ गरी जेलमा राखिदिए। आफ्नो पितालाई छुडाउन उत्तराधिकारी बोधिप्रभले प्रशस्त सुन (धन) जम्मा गरिलगेका थिए।

तर राजा येशे-ओले आफूलाई छुडाउनुको सट्टा भारतबाट कुनै एक पण्डितलाई बोलाउन ती रकम खर्च गर्न आज्ञा दिए। यो कुरा थाहा पाउनासाथ पहिले नाइनास्ति (अस्वीकार) गरिराख्नुभएका दीपंकर श्रीज्ञानले तिब्बत आउन स्वीकार गरे।

यसअनुसार सन् १०४० मा, ५८ वर्षको उमेरमा निकै कठिनताका साथ विक्रमशीला महाविहारका संघस्थविर (मुख्यनायक) रत्नाकर शान्तिसित अनुमति प्राप्त गरी बाह्र जनाको एक दल बनाई आफ्नो स्वदेश छोड्नु अगाडि त्यस ठाउँको दर्शन गर्न जानुभयो, जहाँ सिद्धार्थ गौतम बुद्ध हुनुभएको थियो।

उहाँहरू नेपालको बाटोबाट तिब्बत जान लागेको थियो। त्यसकारण नेपालराज्यमा प्रविष्ट हुनासाथ विस्तार-विस्तारै नेपालको राजधानीमा पनि पुग्नुभयो र नेपाल नरेश जयकामदेव (ठकुरीवंश) सँग पनि भेट गर्नुभएको थियो।

राजा जयकामदेवले दीपंकर श्रीज्ञानलाई बहुत सम्मान गरेको थियो साथै यही रहन अनुरोध पनि गरेको थियो, जुन अनुरोधलाई अश्वीकार गर्न नसकी आचार्य दीपंकर एक वर्ष सन् (१०४१) नेपालमै रहनुभएको थियो।

नेपालबाट उहाँहरू सन् १०४२ मा पश्चिम तिब्बतको ङरी प्रदेशमा पुग्नुभयो। त्यहाँबाट उहाँहरू मानसरोवरको पश्चिममा अवस्थित 'थो-लिङ' भन्ने विहारमा पुग्नुभयो, जुन विहार राजा येशे-ओले बनाएको

थियो । यस विहारमा ९ महिनासम्म रही आचार्य दिपंकर श्रीज्ञानले धर्मोपदेश बाहेक कतिपय ग्रन्थहरूको अनुवादको साथै आफ्नो प्रसिद्ध ग्रन्थ "बोधिपथ-प्रदीप" को पनि रचना गर्नुभएको थियो ।

यहाँबाट दीपंकर श्रीज्ञानले सन् १०४४ मा पुरङ भन्ने ठाउँमा आइपुग्नुभयो, जहाँ उहाँले आफ्नो प्रिय शिष्य डोम्-तोन-पा (सन् १००३-६४) सँग भेटघाट गर्नुभएको थियो, जसले आफ्नो गुरुलाई तब देखिन् मृत्यु पर्यन्त छाया जस्तै रही सेवाटहल गरेका थिए । आचार्यको निधनपछि "गुरु-गुणधर्माकर" नामले प्रिय शिष्य डोम्-तोन्-पाले दिपंकर श्रीज्ञानको जीवनी लेखेका थिए ।

आचार्य दीपंकर श्रीज्ञानको धर्मोपदेश सुन्नको निमित्त टाढा-टाढाबाट नै मानिसहरू आउने गर्दथे साथै आ-आफ्नो ठाउँमा धर्मोपदेश दिलाउन निमन्त्रणा पनि गर्दथे, जुन निमन्त्रणालाई सहर्ष स्वीकार गर्दै आचार्य दीपंकर बेला-बेलामा ठाउँ-ठाउँमा चारिका गर्दथे ।

पुरङको प्रवासपछि आचार्य सन् १०४७ मा मध्य तिब्बतको समन्ये विहारमा पुग्नुभयो, जुन विहार तिब्बतमा सर्वप्रथम आचार्य शान्तरक्षितले सम्राटस ख्रि-स्रोङ- ल्दे-वचनको सहायताले ब्रम्हपुत्रनदीको किनारामा १२ वर्ष लगाएर तयार गरिएको थियो ।

समन्ये विहारपछि सन् १०५० देखि आचार्य 'येर-पा' नामक विहारमा निवास गर्नुभयो । यहाँपछि उहाँको अन्तिम निवासस्थान ल्हासाको दक्षिणतर्फ रहेको "सये-थङ्ग" भन्ने विहार हुनु गयो जहाँ ७३ वर्षको उमेरमा, सन् १०५४ मा यस महापुरुषले सदाको निमित्त आफ्नो जीवन-लीला समाप्त गरे ।

उहाँको स्मृति स्वरुप अहिलेसम्म पनि सये-थङको त्यस तारा देवालयमा दीपंकर श्रीज्ञानको भिक्षापात्र, दंड, धर्मकरक (लोटा) को साथै डोम्-तोन्-पाको वस्त्र समेत राखिएको कुरा महापण्डित, महानपर्यटक बहुभाषिक, साहित्यवाचस्पति, पुरातत्ववेत्ता राहुल सांकृत्यायन बताउनुहुन्छ -उहाँ त्यस ठाउँमा पहिलो पटक २५ अप्रिल १९३० को दिन पुग्नुभएको थियो ।

उहाँको स्मृति स्वरुप २० औं शताब्दीमा, बङ्गलादेशको राजधानी ढाकामा आचार्य दीपंकर श्रीज्ञानको १००० औं जन्मजयन्ती सन् १९८३ को फरवरी २६ देखि ४ मार्चसम्म विभिन्न कार्यक्रमहरू राखी सुसम्पन्न गरेको थियो जसमा नेपालको तर्फबाट आचार्य भिक्षु अमृतानन्दले भाग लिनुभएको थियो ।

*सन्दर्भ*

१) तिब्बतमे सवा बरस - महापण्डित राहुल सांकृत्यायन शारदा मन्दिर, नई दिल्ली - १९९०
२) अतीत से वर्तमान - महापण्डित राहुल सांकृत्यायन विद्यामन्दिर प्रेस, बाराणासी - १९५६
३) बौद्ध धर्म दर्शन - महापण्डित राहुल सांकृत्यायन (नेपालीमा अनुवाद) डा. कमला सांकृत्यायन भिक्षु मैत्री, सारनाथ - १९८४

कविता

## महामानव बुद्ध

✍ गोपीकृष्ण प्रजापति

विश्वया ज्योती ख्यूंगु काल
संघया ज्योती जुया बिल स्व !
लुम्बिनी बनया पवित्रगु भूमिस
लोकया आस्था जुया वयन स्व !
धर्म व संघ लोकया नाथ
ज्ञानया कुण्ड जय अर्हत
शान्तिया नायक जुया वन स्व !

# अम्बेदकर र बुद्धधर्म भूमिका -१

भारतमा अहिले १० करोड अछुटहरू छन्। उनीहरूमध्ये भारी बहुमत हरेक हिसाबले विपन्न छन्। हरेक वर्ष उनीहरूमध्ये चार सयदेखि पाँच सय जनाको उनीहरूकै हिन्दू जातका मानिसहरूबाट हत्या हुने गरेको छ। हजारौं जनामाथि कुटपिट, बलात्कार र यातना दिइने गरेको छ भने धेरैका घर लुटिने र आगजनी हुने गरेको छ। उनीहरूमध्ये असङ्ख्य जनालाई सामाजिक, आर्थिक तथा धार्मिक विभेदमात्र हुने गरेको छैन बरु दैनिक रुपमा व्यक्तिगत अपमान र हिंसा भोग्न बाध्य बनाइएको छ।

पछिल्ला हजारौं वर्ष वा त्योभन्दा बढी समयावधिमा धेरै सन्त र सुधारकहरूले छुट-अछुटको बन्दोबस्तमा सुधार गर्न थुप्रै प्रयास गरे तर कोही पनि त्यत्ति सफल हुन सकेनन्। त्यस्ता सुधारका प्रयासहरूमध्ये पनि सबभन्दा पछिल्लो पटक र सबभन्दा सहासिक रुपमा डा. भीमराव रामजी अम्बेदकरले गरेका थिए। उनी आफै जन्मले अछुट थिए। उनी अछुटहरूले हिन्दू धर्मभित्र मुक्ति पाउन नसक्ने र उनीहरूले धर्म परिवर्तन गर्नुपर्ने निष्कर्षमा पुगेका थिए। त्यसकारण सन् १९५६ को अक्टोबरमा उनीलगायत उनका ५ लाख समर्थकहरू बौद्धमार्गी बने। फलत: भारतमा बुद्ध धर्ममा पुनर्जागरण नै आयो। ठूलो महत्वका धार्मिक तथा सामाजिक क्रान्तिको शुरुवात भए।

नाजी जर्मनीमा यहुदीहरूको पीडा र गोराहरूको सर्वेसर्वा चल्ने दक्षिण अफ्रिकामा कालाहरूको दु:खबारे सबैलाई थाहा छ र व्यापक रुपमा चर्चा-परिचर्चा हुने गरेको छ पनि। तिनको तुलनामा हिन्दू जातको हातबाट अछुटहरूमाथि हुने पीडा पनि कम डरलाग्दो छैन। युगौं युग पुरानो दासताबाट आफ्ना मानिसहरूलाई मुक्त गर्न अम्बेदकरले गरेको सहासिक प्रयास पनि कम महत्त्वको थिएन। तर भारतभन्दा बाहिर तिनको त्यत्ति चर्चा हुने गरेको पाइँदैन। अम्बेदकरको निधन भएको तीस वर्ष बितिसकेको छ। तर अझै पनि ती महान अछुट नेताको कुनै जीवनी पश्चिमा संसारले देख्न पाएको छैन। साथै उनले उद्घाटन गरेको ठूलो सङ्ख्यामा बुद्ध धर्ममा प्रवेश गर्ने आन्दोलनको विषयमा अध्ययन गरिएको कुनै पुस्तक निक्लने छाँटकाँट छैन।

प्रस्तुत पुस्तकलाई यी कमी पूरा गर्न सक्ने कृति त मान्न नसकिएला तर त्यो दिशातर्फको यो पक्कै पनि सानो पाइला भने हो। प्रस्तुत पुस्तकमा मैले अम्बेदकरको वृत्तिको छोटो व्याख्या गरेको छु, उनी किन र कसरी बुद्धमार्गी बने भन्ने कुराको चर्चा गरेको छु। साथै उनको लागि बुद्ध धर्म के हो भन्ने कुराको पनि छलफल गरेको छु। यो पुस्तक कुनै शोधको लागि लेखिएको होइन। यो सबै पाठकहरूलाई जानकारी दिने हेतुले तयार गरिएको हो। तसर्थ संस्कृत र पाली भाषाका शब्दहरूलाई अधिकांशत: कुनै विशेष संकेतमा दिइएको छैन। मेरो आफ्नो लेखाइ र अम्बेदकरका लेखनीहरूका विभिन्न उद्धरणहरूबीच त्यस्ता शब्दका हिज्जेमा समानता राख्ने प्रयास पनि मैले गरेको छैन।

म धर्माचारीहरू लोकामित्र, धर्मरक्षिता र विमलाकृति (सबै जना पुणेका हुन्) प्रति मलाई पुस्तक उपलब्ध गराई सहयोग गरेकोमा आभार व्यक्त गर्न

चाहान्छु । उनीहरूले उपलब्ध गराएका पुस्तकहरू त कतिपय दुर्लभ छन् र धेरै बेलायतमा नपाइने पुस्तकहरू छन् । पाण्डुलिपि टङ्कन गरिदिएकोमा इलाएन मुरेप्रति आभार व्यक्त गर्दछु । धर्माचारी अलोकलाई आवरण कलाको लागि धन्यवाद र धर्माचारी शान्ताभिराप्रति सम्पादन र प्रेसका सम्पूर्ण कामको जिम्मेवारी बहन गरिदिएकोमा आभारी नभई म रहन सक्तिनँ ।

***अम्बेदकरको महत्व***

दिल्लीको संसद भवन परिसरमा चिटिक्क सुट र चस्मा लगाएका एक जना बलिष्ठ बुढो मान्छेको शालिक उभिएको छ । त्यो शालिक त्यस्तै पन्ध्र फिट जति अग्लो छ । शालिक जत्तिकै अग्लो आधारस्तम्भको माथिको समकोणमा शालिक दाँया खुट्टा हल्का अघि बढाएर उभिएको छ । बाँया हातको काखीमा एउटा ठूलो पुस्तक



च्यापिएको छ । दाँया हात भने पूरै तन्काइएको छ र त्यसको चोर औंला संसदभवनतिर तेर्साइएको छ । यो भीमराव रामजी अम्बेदकरको शालिक हो । उनी सन् १९४७ देखि १९५१ सम्म भारत सरकारको कानून मन्त्री थिए । उनको काखीमा च्यापिएको पुस्तक भारतको संविधान हो । उनको औंला संसदभवनतिर तेर्साइएको छ किनभने त्यो त्यही ठाउँ थियो जहाँ उनले सन् १९४८ मा तात्कालीन संविधान सभामा भारतको संविधानको मस्यौदा प्रस्तुत गरेका थिए । एक वर्ष पछि त्यही सभाबाट उनले प्रस्तुत गरेको संविधानको मस्यौदा पारित गरिएको थियो । त्यहींबाट त्यही संविधानको आधारमा नयाँ नयाँ कानूनहरू बनाइने गरेको छ ।

भीमराव रामजी अम्बेदकर आफ्नो समयका सर्वाधिक उल्लेखनीय व्यक्तिहरूमध्ये एक हुन् । उनको जीवनको कथा कसरी एकजना विलक्षण प्रतिभा र विशिष्ठ व्यक्तित्वले अन्यायपूर्ण र शोषणमूलक समाजले एक जना व्यक्तिको बाटोमा तेर्साएका तगाराहरू पन्छाउन सफल हुन्छ भन्ने कुराको कथा हो । केन्द्रीय भारतको मेहोमा सन् १८९१ मा जन्मेका अम्बेदकर आफ्नो आमाबुवाका चौधौं सन्तान थिए । उनको आमा-बुवा हिन्दू समाजको सबभन्दा तल्लो तहमा गनिंन्थे । पुरानो हिन्दू परम्परामा उनलाई पढ्ने र सम्पत्ति पाउने कुनै अधिकार थिएन । उनी शारीरिक श्रम र तल्लो स्तरमा राखिएका काममा मात्र सीमित हुनसक्थे । माथिल्लो भनिएका जातका मानिसहरूसँग सम्पर्कमा जान उनमाथि निषेध गरिएको हुन्थ्यो । संक्षेपमा भन्नु पर्दा अम्बेदकर तल्लो जात वा अछुट जातमा जन्मेका थिए । उनलाई राम्रो सिलाइएको लुगा लगाउने अधिकार थिएन । माथिल्लो जातकाले खाएर छोडेका जुठो पुरोमात्र खानु नै उनीहरूको नियति थियो । माथिल्लो जात प्रति विनम्र र वफादार हुनु नै उनीहरूको संस्कार मानिन्थ्यो । त्यसबाहेक अघिल्लो जन्ममा गरेका पापको सजाय स्वरुप सजाय भोग्नु नै उनीहरूको भाग्य थियो ।

सौभाग्यवश अम्बेदकरका पिता भारतीय सेनामा काम गर्थे र त्यहाँ उनले मराथी र अङ्ग्रेजी भाषामा केही मात्रामा औपचारिक शिक्षा पाएका थिए । त्यसले उनलाई आफ्ना छोराछोरी विशेषत: भीमराव रामजीलाई पढाउने प्रेरणा दिलायो र आफ्ना सन्तानलाई ज्ञानको खुशीमा

वशीभूत हुन उत्प्रेरित गराउने बने। सन् १९०८ मा अम्बेदकरले बम्बे विश्वविद्यालयबाट मेट्रिकुलेसन उत्तीर्ण गरे। त्यसबेला यो घटना यति असामान्य थियो, एक अछुटले मेट्रिकुलेसन उत्तीर्ण गरेको खुशीयालीमा एउटा



जनभेला नै आयोजना गरिएको थियो। त्यसको चार वर्ष पछि उनले त्यसै विश्वविद्यालयबाट राजनीतिशास्त्र र अर्थशास्त्रमा स्नातक उत्तीर्ण गरे। लगत्तै उनले बारोडा राज्यको सरकारी सेवामा भर्ती भए। बरोडा राज्यका शासकले नै अम्बेदकरलाई छात्रवृत्ति दिएर पढ्न लगाएका थिए। त्यहीबेला उनका पिताको निधन भयो (उनी पाँच वर्षका हुँदा उनकी आमाको निधन भएको थियो)। पिताको निधन भएको चार महिना पश्चात अम्बेदकर संरा अमेरिकाको कोलोम्बिया विश्वविद्यालयमा आफ्नो उच्च अध्ययनको लागि हिंडे। उनलाई बरोडाका उनै उदार विचारका शासकले आफ्नो खर्चमा पढ्न पठाएका थिए। अरु कोही अछुटभन्दा अम्बेदकर शैक्षिक रुपमा धेरै माथि उक्लिसकेका थिए। तथापि उनी सन्तुष्टिभन्दा धेरै पर थिए। ज्ञान नै शक्ति भएको कुरामा उनी पूर्ण विश्वस्त थिए। ज्ञान नभएको अवस्थामा पूर्ण आकारको शक्ति हातमा दिए तापनि दासताको अवस्थाबाट करोडौं अछुटहरू बन्धनबाट मुक्त हुन सक्ने कुरामा उनी कम मात्र विश्वास गर्थे। यो बन्धन कतिको बलियो छ भन्ने कुरा उनलाई आफ्नै अनुभवबाट राम्रो ज्ञान थियो।

अम्बेदकर सन् १९१३ देखि १९१७ सम्म र सन् १९२० देखि १९२३ सम्म पश्चिममै थिए। जब उनी बत्तीस वर्षको उमेरमा आफू जन्मेको भूमि फर्के, तब उनी सार्वजनिक जीवनकै सबभन्दा योग्य व्यक्ति बनिसकेका थिए। कोलोम्बिया विश्वविद्यालयको तीन वर्षको बसाईमा उनले अर्थशास्त्र, समाजशास्त्र, इतिहास, दर्शनशास्त्र, मानवशास्त्र र राजनीतिशास्त्रको गम्भीर अध्ययन गरे। उनलाई ब्रिटिस भारतमा प्रान्तीय वित्तको विकास विषयमा गरेको अध्ययनको लागि विद्यावारिधिबाट सम्मानित गरियो। कालान्तरमा उनले त्यसै शीर्षकमा पुस्तक प्रकाशन गरे। तर उनको पहिलो प्रकाशित पुस्तक भने भारतमा जात:तिनको संरचना, उत्पति र विकास भन्ने थियो। त्यो लेख उनले एक जना प्राध्यापकले आयोजना गरेको एउटा सेमिनारका लागि उनले तयार गरेको कार्यपत्र थियो। संरा अमेरिकामा आफ्नो पढाई सकेर उनी न्युयोर्क छोडेर बेलायतको लण्डन पुगे। उनी त्यहाँ लण्डन स्कूल अफ इकोनोमिक्स एण्ड पोलिटिकल साइन्स र ग्रेज



एनमा भर्ना भए। त्यसको एक वर्ष पश्चात उनको छात्रवृत्तिको अवधि भ्याइयो। त्यस पछि उनी भारत फर्केर बम्बेको एउटा कलेजमा पढाउन थाले र मुकनायक नामको एउटा साप्ताहिक चलाउन थाले। सन् १९२० मा मात्र उनी आफ्नो अध्ययनलाई जारी राख्न पुन: लण्डन फर्के। त्यसको तीन वर्षमा उनले रुपैयाँको समस्या भन्ने विषयमा आफ्नो शोध भ्याए। त्यो शोधको लागि उनलाई लण्डन विश्वविद्यालयले डी.एससी पदक दियो र उनलाई सम्मानभोजमा आमन्त्रण गरियो। बेलायतबाट फर्कनु अघि उनले तीन महिना जर्मनीको बोन विश्वविद्यालयमा अर्थशास्त्रको थप अध्ययनमा बिताए।

सम्पूर्ण अछुटहरूको लागि संघर्ष गर्न सन् १९२३

को अप्रिल महिनामा उनी आफ्नो देश फर्के । साच्चै भनु उनी सम्पूर्ण दलित जनताको पक्षमा लड्न आएका थिए । त्यसको निम्ति उनी छुट्टै हिसाबले सुसज्जित बनेका थिए । त्यस पछिको कालखण्डमा भने भीमराव रामजी अम्बेदकरको जीवनी र आधुनिक भारतको इतिहासबीच भेदको पहिल्याउन गाह्रो छ । तीन वर्ष बेलायत बसेर फर्के पछि भारतको राजनीतिक अवस्थामा नाटकीय रुपमा ठूलो परिवर्तन भइसकेको थियो । बेलायतबाट स्वाधिनताको नारा अरु कुनै पनि बेला भन्दा चर्को रुपमा उठिसकेको थियो । महात्मा गान्धीले सरकारसंग असहयोग नीतिको वकालत गर्न थालिसकेका थिए । अम्बेदकर बेलायतबाट फर्केको एक वर्ष पछि गान्धीले सत्याग्रहको पहिलो चरणको घोषणा गरेका थिए । अम्बेदकर आफैमा दृढ देशभक्त थिए र उनी शुरु शुरुमा राजनीतिक स्वाधिनताले मात्र दलित वर्गसम्म सामाजिक समानता ल्याउने मतका पक्षपाती थिए । तर उनी गान्धी र काङ्ग्रेस पार्टीतर्फ संकेत गर्दै जसरी कुनै पनि देशले अर्को देशमाथि शासन गर्नु राम्रो होइन, त्यसरी नै एउटा वर्गले अर्को वर्गमाथि पनि शासन गर्नु पनि राम्रो नहुने विचार बोक्थे । नि:सन्देश दलित वर्गमाथि शासनको दण्डा चलाउने हिन्दू जात राम्रो थिएन । अम्बेदकर बेलायती शासनको चर्को आलोचक थिए किनभने उनी दलित वर्गको सामाजिक, आर्थिक, शैक्षिक तथा कानूनी निरिहता अन्त्य गर्न चाहन्थे र यसैको लागि उनी आफ्नो शक्तिको प्रमुख हिस्सा खर्चिरहेका थिए । सन् १९२० दशकको शुरुतिर दलित वर्गको हित कम्तिमा पनि केही समयको लागि अलग निर्वाचन क्षेत्र सुरक्षित गरेर हुन सक्ने निष्कर्षमा पुगे । कालान्तरमा यही विषयलाई लिएर उनी र महात्मा गान्धी, काङ्ग्रेस पार्टी अथवा समग्रमा सम्पूर्ण परम्परावादी हिन्दू भारतसंग उनको खुल्ला मतान्तर भयो ।

सन् १९३२ सम्म यो मतान्तर सतहमा आएन । त्यत्तिबेला सम्ममा अम्बेदकरले आफूलाई बम्बेमा स्थापित गरिसकेका थिए । उनले कानूनको अभ्यास थालिसकेका थिए । उनी कलेजमा अध्यापन गर्थे । विभिन्न आधिकारिक कार्यालयहरूमा ज्ञापन दिन पुग्थे । अखबार चलाउँथे । उनी बम्बेको व्यवस्थापिका परिषद्‌मा मनोनित भएका थिए । बम्बे व्यवस्थापिकामा उनले चाँडै नै नेतृत्वदायी भूमिका निभाउन सफल भए । उनी लण्डनमा भारतको आगामी संविधानको विषयमा भारतकै विभिन्न समुदाय र बेलायतका तीन वटा राजनीतिक दलहरूको तीन वटा गोलमेच बैठकमा सहभागी बनेका थिए । सन् १९२३ मा भारत फर्के लगत्तै उनले पाएको एउटा महत्त्वपूर्ण उपलब्धि भनेको उनी बहिस्कृत हितकारी सभा गठन गर्न सफल भए । यसको प्रमुख उद्देश्य भनेको दलित जनताबीच शिक्षा र संस्कृतिको प्रचार गर्नु, उनीहरूको आर्थिक अवस्थामा प्रगति ल्याउनु र उनीहरूको दु:खमा साथ दिनु आदि थिए ।

उनीहरूका दु:ख निसन्देह गम्भीर खालका थिए । उनीहरूलाई हिन्दू मन्दिरमा पस्न रोक लगाइएको थियो । सार्वजनिक धारा र इनारमा पानी लिन उनीहरूलाई वर्जित थियो । उनीहरू स्कूल पढ्न पाउँदैनथे । सार्वजनिक स्थलमा घुमफिर गर्न समेत उनीहरूमाथि रोक लगाइएको थिगो । सन् १९२७ देखि १९३२ सम्म अम्बेदकरले आफ्ना समर्थकहरूलाई हिन्दू मन्दिरमा पस्ने तथा सार्वजनिक धारा र इनारबाट पानी लिन पाउने अछुटहरूको अधिकार रक्षाको अहिंसात्मक आन्दोलनमा नेतृत्व गरे । त्यस्ता आन्दोलनहरूमध्ये पनि दुई वटा घटनालाई महत्त्वका साथ लिने गरिन्छ । नासिकको कालाराम मन्दिरभित्र प्रवेश गर्न दिएको र महदको छोदर ट्यांकको पानी प्रयोग गर्न नदिएको विरोधमा भएको आन्दोलनमा दशौं हजार अछुट सत्याग्रहीहरूले भाग लिएका थिए । उनीहरूमाथि हिन्दूवादीहरूले हिंसात्मक आक्रमण गरेका थिए । छोदर ट्यांकको हकमा वर्षौंको कानूनी संघर्ष पछि मात्र दलित वर्गले कानूनी तथा नैतिक विजय प्राप्त गरेका थिए । छोदर ट्यांक अभियानको क्रममा सांकेतिक रुपमा मनुस्मृति जलाउने काम पनि भएको थियो । मनुस्मृति प्राचीन हिन्दू कानुनको पुस्तक हो जो आजसम्म पनि हिन्दूवादीहरूले अछुटहरूमाथि गर्ने क्रुर र न्यूनकोटीको दुर्व्यवहारको

लागि जिम्मेवार मानिएको छ । यसअघि कहिल्यै नउठेजस्तो ठूलो आगोको लप्का उठाएर अछुटहरूले परम्परावादी हिन्दूहरूलाई आयन्दा आफूमाथि मानिसलाई गर्ने जस्तो व्यवहार गर्न चेतावनी दिइरहेका थिए ।

अम्बेदकरका गतिविधिका कारण उनी हिन्दूवादीहरूको बीचमा उनी निकै अलोकप्रिय बनिसकेका थिए । सन् १९३१-१९३२ मा उनको अलोकप्रियता अझ उत्कर्षमा पुग्यो । उनकै शब्दमा उनी आफू भारतकै सबभन्दा घृणित व्यक्ति बनेका थिए । आफूमाथि दमन गर्ने हिन्दूवादीहरू र काङ्ग्रेस पार्टीबाट आफू घृणित भएको उनको भनाइ थियो । समस्याको कारण अम्बेदकरले दलितहरूको लागि अलग निर्वाचन क्षेत्रको लागि जोड दिइरहनु नै थियो । महात्मा गान्धी र काङ्ग्रेस पार्टी दलितहरूको लागि अलग निर्वाचन क्षेत्र दिनेको पक्षमा थिएनन् । (जबकि मुस्लिम, सिख, क्रिस्चेन र युरोपेलीहरूको लागि अलग निर्वाचन क्षेत्रको उनीहरू विपक्षमा थिएनन् ।) दोस्रो गोलमेच बैठकमा यो विषयमा यति चर्को विवाद भयो, महात्मा गान्धीले अछुटहरूको प्रतिनिधित्व गर्ने अम्बेदकरको अधिकारमाथि नै प्रश्न उठाए । तथापि अम्बेदकरको तर्कले बेलायत सरकारको चित्त बुझ्यो । अर्को वर्ष रामसे माकडोनाल्डले सार्वजनिक गरेको आफ्नो सम्प्रदाय सम्बन्धी घोषणामा दलितहरूको लागि अलग निर्वाचन क्षेत्रको कुरा समावेश गरियो । त्यो घोषणाको प्रतिक्रियामा गान्धीले दलितहरूलाई अलग निर्वाचन क्षेत्रको विरोधमा आमरण भोक हड्ताल गरे । गान्धी स्वाधिनता आन्दोलनका नेता भएका कारण उनको त्यो निर्णयले भारतभरि तरङ्ग उठ्यो । अम्बेदकरलाई गद्दारको संज्ञा दिइयो र उनलाई ज्यान मार्ने धम्की समेत आए । अम्बेदकर उनीमाथि थोपरिएको दबाबका सामू किमार्थ झुकेनन् । उनी अलग निर्वाचन क्षेत्रको मागमा कुनै सम्झौता गर्न चाँहदैन्थे । तर समयान्तरमा उनी अलग निर्वाचन क्षेत्रको सट्टा संयुक्त निर्वाचन क्षेत्र बनाउने र त्यसमा आरक्षण सीट बढाउने निर्णयमा सहमति जनाए । त्यस सम्झौता पुणे सम्झौताको नामले चर्चित छ । यो सम्झौता पश्चात अम्बेदकर दलितहरूका निर्विवाद नेताका रुपमा स्थापित बने ।

यो सम्झौतापश्चात कमजोर र विरामी गान्धीले भोक हड्ताल फिर्ता गरे । त्यसबेला रुखासुखा दलित जनताप्रति पनि केही सद्भावका भाव उर्लेको थियो । तर त्यो धेरै दिन भने टिक्न सकेन । अम्बेदकर चाँडै नै फेरि पनि घृणाको पात्र बन्न पुगे । अंशत: अलग निर्वाचन क्षेत्रको सवालमा देखिएको उनी विरुद्धको विरोध र अंशत: हिन्दू मन्दिरहरूमा फेरि पनि दलितहरूमाथि लगाइएको प्रवेश निषेधले अम्बेदकर हिन्दूवादीहरू यसप्रकार नसुध्रिने निष्कर्षमा पुगे । अब उनले आफ्नो कार्यनीति बद्ले । रणनीति बदलेनन् । उनले आफ्ना समर्थकहरूलाई आफ्नो जीवनस्तर वृद्धि गर्न र राजनीतिक शक्ति हासिल गर्नमा केन्द्रित हुन आह्वान गरे । उनले अछुटहरूको भविष्य हिन्दू धर्ममा नभएको र त्यस कारण धर्म परिवर्तन गर्नु पर्ने विषयमा चिन्तन गर्न शुरु गरे । यो कुराको सन् १९३५ को दलितहरूको सम्मलेनमा नाटकीय ढङ्गले मुखरित भयो । त्यही सम्मेलनमा उनले 'म हिन्दू भएर जन्मे पनि म मर्दा हिन्दू भएर मर्ने छैन', भनी घोषणा गरे । उनको त्यो घोषणा निकै चर्चित बन्यो । भारतको हिन्दूवादीहरू बीच यसले ठूलै तरङ्ग बनायो । त्यही वर्ष अम्बेदकर सरकारी कानून कलेज, बम्बेका प्राचार्य पदमा नियुक्त भए । उनले आफ्नो र आफ्ना पुस्तकहरूको लागि एउटा घर बनाए । त्यही साल उनकी श्रीमती रमाभाइको निधन भयो । उनको १६ वर्षको उमेरमा सन् १९०८ मा रमाभाइसँग विवाह भएको थियो । त्यत्ति बेला रमाभाई मात्र नौ वर्षकी थिइन् । उनको कोखबाट पाँच सन्तानको जन्म भयो तर उनीहरूमध्ये एक जना मात्र जीवित रह्यो । सार्वजनिक जिम्मेवारीका कारण अम्बेदकरले आफ्नो निजी कामको लागि थोरै मात्र समय दिने अवस्था बने तापनि उनी आफ्नी सोझी र समझदार श्रीमतीप्रति गहिरो गरी जोडिएका थिए । रमाभाईको निधनले अम्बेदकरलाई गहिरो शोकमा डुबायो ।


***अनुवादक: नीरज***

पुस्तक परिचय

# 'असल शिक्षा' भाग १० पढ्दा

✍ विष्णुगोपाल कुसी

नेपाली र नेवारी भाषामा ८० भन्दा बढी पुस्तकका लेखक भिक्षु अश्वघोषका महत्त्वपूर्ण पुस्तकहरूमध्ये 'असल शिक्षा' भाग १० पनि एक हो। श्रीलङ्का, म्यानमार, थाइल्याण्ड, मलेसिया, मंगोलिया, चीन, भुटान, लण्डन, रुस, जर्मनी, जापान आदि देशमा भ्रमण गरिसकेका भिक्षु अश्वघोष बुद्धसम्बन्धी ज्ञानमूलक कृति लेखेर बहुजनको हितमा शिक्षा प्रचार सँगसँगै पुस्तक लेखेर ज्ञान छर्ने उनको यत्न अनुकरणीय छ। धेरै सँगको ज्ञान, गुण र अनुभव सिकेर, सुनेर अरुलाई बाँडी शिक्षित पार्नुपर्छ भन्ने उनको मान्यतालाई हामी सबैले आत्मसात गर्नुपर्छ। कहीं कतै या माध्यमबाट सिकेको बुद्धि र विचार आफ्नो मनमा मात्र कुण्ठित गरेर राख्नु कसैको मङ्गल हुन्न भन्ने उनको मान्यता हो।




ठूलो मान्छे बन्न विद्वान, शिक्षित या पढेलेखेको भएर पुग्दैन। ठूला भन्ने विद्वानहरू शान्त, संयमी र अनुशासित भएनन् भने तिनीहरू पूज्य हुँदैनन् धन्यका पात्र बन्दैनन्, न त परोपकारी नै बन्छन्। समाजमा सबै मान्छे सत्पात्रका हुँदैनन् कुनै माथि शङ्का गर्न सकिन्छ तर शङ्काको घेरामा राखेर दोषी ठान्नु मूर्खता हुन्छ। आफूले छोडेकै व्यक्ति भए पनि उनीमाथि गलत आरोप लागेर दुःख दिन्छ भने विनाहिच्किच्याहट सत्य कुरा बोल्नुपर्छ र दोषबाट मुक्त गरिनुपर्छ भन्ने उपदेश यो 'असल शिक्षा' पुस्तक पढेपछि थाहा पाउन सकिन्छ।

विद्वान हुँदैमा सबैमा सर्वगुण हुन्छ भन्ने होइन। विद्वानहरू कोठाभित्र थुनिनु हुँदैन, उनीहरू समाजमा परिचित हुनुपर्छ , परिचित हुन सेवामा जुट्नुपर्छ। हो, कसैले उच्च शिक्षा हासिल गर्ने बित्तिकै, एक न एक विषयमा दक्ष या विज्ञ हुने बित्तिकै सबै जानिंदैन। विद्वानको परिचय पौडी खेल्न जान्नु, बिरामीको चिरफार गर्नु या शिकार खेल्न जान्नु होइन तर जान्नु नराम्रो होइन। सत्य बोलेर आपत्विपत् या सङ्कटमा साथ दिनु या कसैको जीवन बचाउनु महानता हो।

कति मानिसहरू समाजमा सफलता पाउने बित्तिकै सफलताको मातमा चढेर मातिन्छन् त कति असफलतामा आतिन्छन्। पद पाउने बित्तिकै शेखी हुने र छोड्ने बित्तिकै अँध्यारो मुख लाउने व्यक्तिहरू पनि समाजमा छन्। पदअनुसार आचरण गर्नुपर्छ, जिम्मेवारी बोक्नुपर्छ र त्यो पूरा गर्नुपर्छ। मातिने र आतिने काम

कुनै समाजको लागि शोभनीय हुँदैन । अरुको मन प्रशन्न पार्न सकिँदैन । भिक्षु अश्वघोषले लेखेको 'बहुश्रुत मङ्गल' बाट यस्तै शिक्षा या सन्देश पाउन सकिन्छ ।

असल स्वभाव या चरित्र कसलाई मनपर्दैन ? कुनै व्यक्तिको राम्रो आचरण या शील उसको मात्र होइन समाजको शोभा पनि हो । शील स्वभावको मान्छेले अरुको मन खिच्छ, दिल जित्न सकिन्छ । कसैका त्यस्ता गुणहरू उनीहरू मरिसकेपछि पनि समाजले सम्झिरहनेछ । कसैको गुणगान र गालीगलौज उसको बोली व्यवहार र चरित्रको आधारमा हुन्छ बाँचेको बेला होस् या मरेको बेला ।

शील स्वभाव राम्रो नराम्रो कुनै व्यक्तिको वर्णको आधारमा हुनुहुँदैन । कुनै व्यक्ति चन्द्रमा जस्तै उज्यालो भए पनि शील स्वभाव असल छैन भने उसको प्रशंसा किन गर्ने ? बरु उल्टो उज्यालो वर्णलाई शील स्वभाव सुहाएन भन्छ । कति काली भए पनि शील स्वभाव राम्रो छ भने उसको प्रशंसा किन नगर्ने ? शील स्वभावलाई मान्छेको वर्णसित दाँजेर तौलनु हुँदैन । हो, वर्णमा गोरी अलि राम्रो काली अलि नराम्रो मानिन्छ तर शील स्वभावको नापो वर्ण होइन । हो, मानिसमा शील स्वभाव हुनुपर्छ, बानी, व्यवहार राम्रो हुनुपर्छ ।

आम्दानीको एक भाग समाज सेवामा छोड्नु राम्रो हो । त्यसलाई दान भनौं या त्याग त्यो शुद्ध मनले हुनुपर्छ । दानमात्र शुद्ध मनले होइन अरु सेवा पनि शुद्ध मनले नै गर्नुपर्छ । कसैले कसैप्रति गरेको दान सेवया त्याग आफ्नो जीवनमा परेको कालो दाग मेटाउन होइन, कलुषित कार्यमा सफाइ पाउन होइन, पदको दुरुपयाग गरी कमाएको अकुत सम्पति पचाउन होइन । आफूले गरेको दानबाट अरुको भलो हुनुपर्छ , दान मन परेर गरेको होस् या मन नपरेर गरेको । दानले आफूलाई पुण्य प्राप्तभन्दा पनि सङ्कट या पीडामा परेका या अन्य असहाय या पिल्सिएका या समाजको कल्याणमा लागेका व्यक्तिहरूको उदार हुने हिसाबले गर्नुपर्छ । याद गरौं , दान गरेर कालो दाग मेटिँदैन, पाप कट्ने होइन ।

शङ्का छैन - दानी र त्यागीहरू पक्कै पनि समाजका प्रशंसक हुन्छन्, धन्यवादका पात्र हुन्छन् । कसैले गरेको दान शुद्धमनले गरेको हो कि अशुद्धले ! त्यसको नापो के ! हामीले त दान गर्ने व्यक्तिहरूको चरित्र पनि नियाल्नुपर्छ । समाजमा भाँजो हाल्ने, जाल रचेर विवाद निम्त्याउने व्यक्तिहरूको दानलाई शुद्ध मनले गरेको भन्ने या नभन्ने ! शुद्ध चित्तले गरेको दानले शुद्ध फल पाउँछ भनेको जनविश्वासमात्र हो कि यथार्थ ! शुद्ध दानले शुद्ध फल पाउँछ अशुद्ध दानले अशुद्ध फल पाउँद्ध भन्ने तर्कलाई कसरी हेर्ने या मूल्याङ्कन गर्ने ! आफ्नो स्वार्थ पूर्ति गर्ने उद्देश्यले गरिएको दान र त्याग या सहयोग पनि हामीले भुल्नु हुँदैन । स्वार्थवस गरिने सहयोगभित्र अन्य रहस्य लुकेको हुनसक्छ । त्यस सहयोगभित्र उसले अर्कै फाइदा लिइरहेको हुन्छ । सहयोगभित्र सेवाभन्दा लोभ रहेको हुन्छ - बल्छीमा गड्यौला राखेर माछा समातेजस्तै त्याग या दान गरेपछि फलभन्दा स्यावासी पाउँछ तर त्याग जसलाई दान दिए पनि स्यावासी पाउँछ कसरी भनूँ! त्याग चेतनाविनाको दान सक्कली दान कदापि हुनसक्दैन भन्नुभन्दा पनि आफ्नो स्वार्थ पूरा गर्न या पाप पखाल्न दान गर्नु शुद्ध मनको दान होइन ।

हो, के खोज्छस् कानो ? आँखो । जुनबेला जसलाई जे जरुरी हुन्छ, उसले त्यो खोज्छ । अन्धोले आँखा नखोजी अरु के खोज्छ । उसलाई आँखाको जरुरी छ । आफ्नो इच्छा पूरा भएपछि ऊ सन्तुष्ट हुन्छ, खुसी हुन्छ त्यो उसको लागि घाउमा मलम-पट्टि लगाएको जस्तो हुन्छ । सङ्कट या आपत्‌विपत्‌को बेला कसैको सहयोग जुटेन, कहीबाट साथ पाएन भने आत्मबल घट्छ । त्यही कमजोर आत्मबलको कारण अर्को दुर्घटना हुन्छ । सुखानुभूति कसैको सहयोगले मात्र हुन्छ भन्ने होइन । अरुको सहयोगले क्षणिक सुखानुभूति हुनसक्छ तर त्यो स्थायी हुँदैन । मित्रहरूको सहयोग जरुरी छ तर मित्रहरूको सहाराले आफू सधैं सुखी हुँदैन । हाम्रो मन पवित्र हुनुपर्छ । हामी नि:स्वार्थी हुनुपर्छ । हामी निर्दोषी हुनुपर्छ । हामी असल, इमानदार, योग्य, समाजसेवी हुनुपर्छ । बहुमत जनताको हित हेर्ने सचेत नागरिक बन्नुपर्छ ।

# झ्याम्पालिङ्गको विशाल चैत्य नेपाल र चीनको मैत्री

✍ हर्षमुनि शाक्य

भोटको राजधानी ल्हासाको दक्षिणतिरको गाउँमा झ्याम्पालिङ्ग पवित्र पहाडको बीचमा स्थापना गरिराखेको आठतले चैत्यस्वरुप गुम्बामा मैत्रिबोधिसत्त्वको विराजमान भव्य विशाल चैत्य हो।

भोटभाषामा मैत्रिबोधिसत्त्वलाई (ग्याल्व झ्याम्पा) भन्दछन् र लिङ्ग भनेको (भुमिस्थान) हो त्यसकारण यो स्थानमा मैत्रिबोधिसत्त्वको मूर्ति विराजमान भएकोले पनि झ्याम्पालिङ्ग नामले प्रख्यात भयो।



तिब्बतको झ्याम्पालिङ्ग चैत्य
तिब्बतको राजा ढङ-ल्दे (सन् १०५८-११०८) को शासन कालमा शाक्य अग्रधर्म (भाल्पो) को निर्देशनमा सिंहलशार्थ बाहु (ओड-पुड-न्बुं-गाङ-गे) को स्मृतिमा झ्याम्पालिङ्ग चैत्य नेपालीहरूले निर्माण गरेका हुन्।

यो विशाल चैत्य बाहिरबाट हेर्दाखेरि चैत्यका आकार देखापर्छ तर भित्रबाट भने यौटा सानो गुम्बा नै भने पनि हुन्छ। चैत्यको सबभन्दा तलको भुमितलामा ठूलो आकारको मैत्रिबोधिसत्त्व मुर्ति छ। भित्र पस्ने र माथिजाने भूमितलाको शुरुवात नै प्रवेशद्वार हो। भूमितलामा पनि धर्मसभा हुने स्थान छ।

भूमितलाको माथि तलामा सम्बर (राँगोको आकार)को मूर्ति छ। यो मूर्तिको चारैतिर धर्मसभा गर्ने र असाध्य राम्रा-राम्रा झुण्डयाइराखेका पौभा: भित्तामा चित्रण गरिराखेको मूर्ति, पशुपन्छी, जनावर र फूलको चित्र जुन चित्र नेपालको फुल हो। अहिले यो फूल लोप भइसकेको छ ती कुराहरू अति नै प्रशंसनीय छ।

दोस्रो तलामा जानुपरेमा भूईतलाबाटै जानुपर्छ, यसो हेर्दा माथि जान हुँदैन जस्तो छ बाहिरबाटै जाने भान हुन्छ तर दोस्रो तलामा जानलाई भूई तलाकै अर्को ढोका खोल्यो भने भऱ्याङ देखापर्छ, यही भऱ्याङबाट माथि जाने हो। माथि दोस्रो तला पुगेपछि त्यस तलामा मुख्यत: षड्भुज करुणामयको मूर्तिको अन्दाजि २० फुटको भव्य मूर्ति पाउँछौं। यस करुणामयको मूर्तिलाई भक्तिभावले दण्डवत् गरी परिक्रमा गर्ने प्रशस्त ठाउँछ। यही तलामा शाक्यमुनि बुद्धको चित्र अंकित जीवनी उतिकै आकर्षक छ। यो आकर्षित नेपाली कलाकारहरूको सीप हो। यही प्रज्ञापारमिताको सिद्धान्तको चित्र र मण्डपद्वारा प्रज्ञापारमिताको सिद्धान्त संझाउन सक्ने यहाँ परिस्थितिको अनुभव हुन्छ।

अरु-अरु तलामा जानलाई दोस्रो तलाबाटै तेस्रो तलामा जाने भऱ्याङ पाउँदछौं। तेस्रो तलामा पुगेपछि पौभा: जता-ततै भित्तामा झुन्ड्याइराखेको देख्दछौं। ती पौभा:हरू चोलु (सुनको मसी) ले लेखिराखेका चित्रहरू हुन् र कुनै चाँदीको मसीले लेखिराखेको पनि छ। यहाँ सबभन्दा राम्रो शाक्यमुनि बुद्धको भव्य मूर्ति पूर्णरुपमा नेपालीशैलीको छ।

त्यस तलामा पौभा:को अतिरिक्त दराजहरू भित्तामा जडान गरिराखेका छन् जसमा सुरक्षाको निम्ति कपडाले वेरिराखेका ग्रन्थहरूले दराजभरिभराउ छन्। यो किताबहरू सुनको मसीले, चाँदीको मसीले र तामाको



नेपालका भिंयो (लेचूं)
प्रत्येक १२ वर्षमा एक पल्ट ल्हासा जाने

मसीले लेखिराखेका बुद्धधर्मका ग्रन्थहरू हुन्। दराजको तलतिर विभिन्न प्रकारका मण्डल पनि लेखिराखेका छन्।

यो चैत्य गजुर बाहेक आठ तलाको छ। कुनै पनि तला १५ फूटभन्दा कम उचाइका छैनन्। यस चैत्यका आठ तलाहरूमा दुवै गरी एक सय आठ झ्याल र ढोकाहरू छन्। उज्यालो प्रशस्त मात्रामा छ। अरु बाँकी तलाहरूमा त्यस चैत्यमा बस्ने भिक्षुहरू र श्रामणेरहरूको निम्ति चाहिने सामानहरू राखिछोडेका छन्।

त्यसको अगाडि अर्को एउटा गुम्बाभित्र नेपालका सिंहलसार्थबाहुको मूर्ति छ। यो मूर्तिलाई भोटेहरूले छोङ्ग पुङ्ग नर्बु शाङ्गले भन्दछन्। यो गुम्बा एक तलाको मात्र भएतापनि ठूलो आकारको छ। यो गुम्बा नेपालीकलाले परिपूर्ण छ। यसमा नेपाली कलाकारहरूको सीप राम्रो झल्काइराखेको छ।

झ्याम्पालिङ्ग ह्लासादेखि दक्षिणतिर पर्दछ। ह्लासाबाट त्यहाँ पुग्नका लागि चार दिन लाग्छ। त्यहाँ जानलाई एक दिन साङ्गपो नदी (ब्रम्हपुत्र नदी) तर्नुपर्छ र वप्वां (छालाको डुंगा) मा एक दिन बस्नुपर्छ। तीन दिन पहाडै-पहाडको बाटो भएर जानुपर्छ। ल्हासाबाट हिडेको तीन दिनमा चीतिसो भने गाउँमा पुग्छ। चीतिसोबाट झ्याम्पालिङ्ग एक दिनको बाटो हो। झ्याम्पालिङ्गको चैत्यमा साठी सत्तरी जवान जति बौद्धभिक्षुहरू निवास गर्दछन्।

भोटमा व्यापारमेला हुनेमध्येमा सबभन्दा ठूलो मेला झ्याम्पालिङ्ग मेला हो। यो मेलामा ल्हासाबाट मात्र होइन्, तिब्बतसँगै जोडिएको विभिन्न चीनिया भागबाट व्यापारीहरू आउँछन्। जस्तो कि छोङ्ग हाइको राजधानी सिलिङ्गमा बस्ने अम्दु, खाममा बस्ने खाम्दा ल्हासामा बस्ने भ्वएबा, सिकाछेंमा बस्ने चाङ्गर्भा, आसामतिर बस्ने कोङ्गपोबा भित्री मङ्गोलियामा बस्ने साकोमी इत्यादि व्यापारीहरू मेलामा आउँछन्।

ल्हासामा बस्ने नेपाली नबुता व्यापारीहरू झ्याम्पालिङ्गमेलामा गएर नबु (एकदम बाक्लो मसीनो र मोटो ऊनले बुनिएको कपडा) किनेर ल्याउँछन्। अर्को ल्हासामा बस्ने लुँ क:मि (सुनको काम गर्ने) व्यापारीहरू जाँदा ल्हासाबाट ओंलु (सुनको काम गर्ने) व्यापारीहरू जाँदा ल्हासाबाट ओंलु (सुनको मसी चाँदीको मसी, तामाको मसी, बनाएर मेलामा लैजान्छन्। यसरी थरी-थरीका मसीहरू बौद्धगुम्बाहरूमा र पौभा:लेख्नलाई चित्रकारहरू झ्याम्पालिङ्ग मेलामा किन्न आउँदछन्। सुनका मसीहरू अरुले बनाउन नजानेको ले यसको

माग थोरै छ ।

झ्याम्पालिङ्गमेला हुने ठाउँमा तीनवटा गाउँहरूको नाम चीतिसो, तानाङ्ग र झ्यालिङ्ग यी तीनैवटा गाउँ नबु बुन्ने गाउँ हो । यहाँ बुन्ने नबुन्ने चीनको विभिन्न राज्य र भित्री (मंगोलियासम्म पुग्छ । नबुको भोटे लुगा सिलाएर लगायो भने जिन्दगीभरलाई पुग्छ । त्यो जीवनभर लगाएर पनि झुत्रो हुँदैन । कुनै कुनै नबुमा आइगिलासले मात्र देख्ने बुनोट हुन्छ । जति-जति बुनोट मसिनो हुन्छ उति उति महत्त्व र मूल्यको पनि हुन्छ । यो गाउँमा नबु रङ्गाउने र बुन्न एकदम पक्का र सिपालु नेपालीहरू नै हुन् ।

झ्याम्पालिङ्गमा मेला एक वर्षको एकचोटि मात्र लाग्छ । भोटको पात्रो अनुसार दावा (महिना) थुवाको प्रतिपदादेखि अष्टमीसम्म (हाम्रो श्रावण महिना प्रतिपदादेखि अष्टमीसम्म) त्यहाँ ठूलो मेला हुन्छ । यो मेलाको शुरुवात गरेको हाम्रा पुर्खोली (आजु) व्यापारीहरूको मूल नाइके सिहलसार्थबाहु हो भनिन्छ । यसकारण यो मेला लाग्ने बेलामा यो स्थानमा नेपालीहरूको महत्त्वपूर्ण अधिकार छ । यहाँ अधिकारको मतलब यो हो कि नेपालीहरूले चलाइराखेका विधि पूरा नभइकन मेला नै शुरु हुँदैन । यहाँ झ्याम्पालिङ्गमेला शुरु हुनुअघि नेपाली व्यापारीहरूले धा:बाजा बजाएर चैत्यलाई ३ चोटि परिक्रमा गर्दछन् । परिक्रमा सकिएपछि चैत्यको गजुरदेखि तलसम्म पताका राख्दछन् । यो विधि नसिद्धिइकन खुलमखुल्ला व्यापार गर्न नहुने दस्तुर छ । यही प्रतिपदाको दिनमा व्यापार गर्न नहुने दस्तुर छ । यही प्रतिपदाको दिनमा व्यापार गर्न आउने नेपालीहरू सबै जम्मा भएर विधिपूर्वक पूजाभाव गरेर चैत्यमा कपडाको पताका झुण्ड्याउनुपर्छ । यी नेपाली व्यापारीहरूले पताका झुण्ड्याए पछि मात्र मेला शुरु हुन्छ अनि बाहिर चौरमा खुलमखुल्ला व्यापार गर्न थाल्दछन् । झुण्ड्याइएको कपडा चैत्यको टुप्पादेखि तलसम्मलाई ३६० हात लामो कपडा चाहिन्छ । त्यो राखेको पताकाको कपडा चैत्यभित्र गुम्बामा एक वर्षसम्म देवा बाल्ने बत्ती बनाउनेमा प्रयोग गर्दछन् ।

त्यो पवित्र ठाउँमा आठ दिनसम्म अनेक अनेक प्रकारका व्यापारीहरू जम्मा हुने भएकोले ठाउँ-ठाउँमा फोहर मैला र अशुद्ध भएर गएकोले शुद्ध गर्नको लागि एउटा अदभुतको रात यस्तो हुन्छ कि मेला सिद्धिएको भोलिपल्टको दिनमा व्यापारीहरू फर्किसकेपछि बेलुका त्यो ठाउँमा मुसुलधारे पानी पर्दछ र ठाउँ-ठाउँमा फोहर भएर अशुद्ध भएका जम्मै कसिगर बगाएर लैजान्छ । फेरि पवित्र गरिदिने यस्तो घटना त्यहाँ पछिसम्म भइनै रहे ।

मेला सिद्धिएर फर्केका ल्हासामा बस्ने नेपाली व्यापारीहरू चोतिसो भने गाउँमा आएर त्यहाँ एउटा गुम्बा छ त्यो गुम्बा नेपालीहरूले बनाएको भन्दछन् यसै गुम्बामा बज्रवीर महाकाल स्थापना गरेको हो । त्यही महांकाल देवतालाई ल्हासामा फर्केर आउनु अघि पूजा गरेर सम्यबजी बनाएर त्यहाँ बस्ने नेपाली व्यापारीहरू र उनीहरूको र अन्तरजातीय सन्तानहरूलाई समेत डाकेर सम्यबजी ख्याउने दस्तुर छ । देसम्य् खाइसकेपछि हाँसो ठट्टा गरेर कहाँ कहाँबाट आएका व्यापारीहरू हुन् त्यही त्यही ठाउँमा फर्केर जान्छन् । यो मेलालाई नेपाली व्यापारीहरूलाई भोट प्रशासनले ठूलो मान्यता दिइराखेको थियो । चितिसो, तानाङ्ग, ग्यालिङ्ग यी ३ गाउँलाई नेपाली वकिल अड्डाले लिएको तथ्यांक अनुसार विक्रम सम्बत् २०१३ सालमा १४२ नेपालीहरूको घर छन् । तीन गाउँको मानिसहरूको संख्या २८४ मत्र छन् । त्यति बेलासम्म चीनिया नागरीक र नेपाली नागरिकको सवाल थिएन ।

ईस्वीसम्बत् १९५४ मा लेखक स्वयंले देखेको विवरण लेखेको छु । लेखकले थाहा नपाएका कुराहर छन् त्यही नै धेरै वर्ष बिताइसक्नु भएका साहू केशघर तुलाधरसँग पनि सोधेर लेखेको छु । यो तस्वीर ५० वर्ष अगाडिको हो । हाल ज्ञानमाला भजनखल:को अध्यक्ष विजुलिमान कंसाकारबाट प्राप्त गरेको हो, उहाँहरू दुवै जनालाई पनि धन्यवाद दिई मैले देखेको र सुनेको वर्णन गरेको छु ।

# के जातिवादको संगालो भित्र मानवतावाद तिकन सक्छ र ?

✍ डी. आर.शाक्य 'ऋषि'



जहाँ जातिवादको सवाल उठ्छ - त्यहाँ प्रत्यक्ष वा अ-प्रत्यक्ष रुपमा निरंकूशतावाद, अधिनायकवादको पनि भूमिका निर्वाह गरेको हुन्छ । अनि त्यो ठाउँमा मानवतावाद तिक्न कठिन नै हुन्छ । जस्ले गर्दा कुनै न कुनै समयमा जन-अधिकारहरू हनन हुने, प्रजातन्त्रको हत्या हुने काम भइ नै रहन्छ । विश्वमा कतिपय यस्ता युद्धहरू जातिवादकै कारणबाट हुने गरिन्छ । यस्ता जातिय युद्ध, साम्प्रदायिक युद्ध सयौं वर्षसम्म भएर असंख्य मानिसले जीवन होमिएको कुरा इतिहासको पानाले देखाइरहेको छ ।

हाम्रो जस्तो कम विकसित देशमा यस्ता जातिवादका कुरा ईश्वर वा धर्मले श्रृजना गरेका कुरा विश्वास गरिन्छ । त्यसैले होला जातिवाद एवं ईश्वरवादको कुरा एउटा सिक्काको दुइटा पाटो जस्तो भैदिएको छ । वास्तवमा यी जातिवादी धर्म भनेको वर्णाश्रम हिन्दू धर्म भएको कुरा कसैले नकार्न सकिन्दैन । यीनै वर्णाश्रम धर्मले हजारौ हजार वर्ष पहिले देखि (वैदिक युग) नै दुई वर्ग र जातिले मात्र पूर्णरुपले एकाधिकार जमाएको र अरु जाति र वर्गका मानिसहरूलाई सधैं ढोलक, गंवार, पशु तुल्य बनाइएको कुरा समेत बाल्मिकि रामायणमा देखाइएको छ । त्यतिवेला जातिवादको चरम विकास भएकालेले तल्लो जाति र वर्गका मानिसहरूले धर्मका कुरा (वेदको कुरा) सुन्नमा समेत कठोर मनाहि गरेको थियो । त्यसै गरिकन नारी जातिले पनि 'वेद' पढ्नमा त्यत्तिकै मनाहि गरेको थियो । तैपनि त्यतिबेला कुनै व्यक्ति जातिवादको चंगुलबाट मुक्त हुन असंम्भव नै थियो । यसरी जातिवादी वा वर्णाश्रम धर्मले गरिएको कठोर अन्याय, अत्याचारले गर्दा कहिं कतैबाट बेला बखतमा विप्लबहरू श्रृजना हुन गएता पनि राज्यको सम्पूर्ण श्रोत, साधन, शक्ति यीनै जातिवादी वा वर्णाश्रम धर्मले नै पाउने भएकोले त्यस्ता किसिमका विप्लबका आवाजहरू त त्यसै नै विलाएर जाने गरिन्थ्यो ।

अहिले हामीहरू २१ औं शताब्दीमा प्रवेश भएका छौं । सञ्चारले .....गति लिएको छ । जस्ले गर्दा विश्व अहिले झन-झन साँगुरिंन्दै गएको छ । अतः भू-मण्डलीकरण (Globalization)को विषयमा र विज्ञानवादको विषयमा चर्चा परिचर्चा गर्छौं । तर हामीले हजारौं वर्ष पहिले देखि बोकेर ल्याएका कुसंस्कारहरू छोडने विषयमा किन चर्चा परिचर्चा गर्दैनौ ? त्यस्तै हाम्रा कतिपय प्राज्ञिक भनाउन्दाहरू, नेता महोदयहरू समेत

यीनै जातिवादको संगालो भित्र नै अड्किएको देखिन्छ । यी नै कारणहरूले गर्दा यहाँ जस्तो सुकै राजनीतिक परिवर्तनहरू भएतापनि सामाजिक संरचनामा त्यति परिवर्तन भएन ।

हजारौं वर्ष (वैदिककाल) देखिको जातिवादी वर्णाश्रम धर्महरू अझै फराकिलो पार्न वा जीवन्त राख्न (ने.सं.५०१-५१६) राजा जयस्थिति मल्लले उपत्यका भित्रका नेवार जातिहरूमा पनि फेरि जाति उपजातिमा विभाजन गरेर नेवार जाति भित्रको पारस्पारिक एकतामा विभेदहरू श्रृजना गरियो । नेवार जाति भित्र पनि पानी चल्ने पानी नचल्ने जाति छुत्याइ दियो । साथै दण्डभेद नीति पनि लागु गरियो । त्यसैगरी तत्कालिन राजा पृथवीनारायण शाहले पनि नेपालको विभिन्न जात जातिहरूलाई ४ वर्ण ३६ जातको फूलवारीको संज्ञा दिएतापनि सरकारी जागिर खाने, सेना भर्तिमा समेत तल्लो जातको लागि प्रतिबन्ध नै थियो । राणा कालमा त झन देश अन्धकार नै थियो । २००७ सालको जनक्रान्तिले राणा शासनको अन्त भयो तर जातिवादी वर्णाश्रम धर्म अन्त भएन । २०१७ सालमा फेरी तात्कालिन राजा महेन्द्रले पार्टीमाथि प्रतिबन्ध लगाई जनताको मौलिक अधिकार खोसियो । २०१९ सालमा त्यहिं जातिवादी वर्णाश्रम धर्म जीवित राख्न हिन्दू अधिराज्य घोषणा गरियो । त्यस्ले त झन पूर्ण रुपले सम्पूर्ण जनताको मौलिक अधिकार हनन गरियो । त्यस्को विरुद्धमा २०४६ सालमा फेरी जन आन्दोलन भयो । यस्ले पञ्चायती व्यवस्था अन्त गरी बहुदलिय व्यवस्था ल्याइयो । तर यो आन्दोलनको पनि जातिवादी वर्णाश्रम धर्म अन्त गर्न सकेन । फेरि २०६२ सालको दोश्रो जनआन्दोलन भयो । यस आन्दोलनमा सयौं वर्ष, हजारौं वर्ष सम्म, पुर्खौं-पुर्खासम्म त्यहिं जातिवादी वर्णाश्रम धर्मबाट अन्याय अत्याचार सहेर बसेका कयौं आदिवासी जनजाति दलितहरू आफ्नो स्वतन्त्रता र मुक्तिको लागि गाउँ बस्तीबाट उठेर आयो जसबाट लोकतन्त्रको घोषणा सँगै धर्मनिरपेक्षको पनि घोषणा भयो । तर पनि राज्यका संयन्त्र, हालिमुहाली त्यहि जातिवादी वर्णाश्रम धर्मका पृष्टपोषकहरू नै भै दिएकोले जातीय सामाजिक सम्रचनामा कुनै फेर बदल आएन । यहाँ कतिपय सञ्चार माध्यम समेत वर्णाश्रम धर्मकै प्रचार प्रसार एक पक्षिय रुपमा मात्र भएको देखिन आउन्छ । तल्लो जातका मानिसहरू अझै पनि अपेक्षित नै छन् । यहाँ मानवतावादको भन्दा जातिवादले अझै प्रशय पाएका छन् जस्ले गर्दा अहिले तराई आन्दोलनका घटना यस्कै एउटा परिणति भएको देखिन्छ ।

आज भन्दा २५५१ वर्ष पहिले पनि यस्तै जातिवादी वर्णाश्रम धर्मले आम जनता माथि घोर अन्याय गरे । तर पनि जनताले यस्को विरुद्धमा एक शब्द पनि बोल्ने साहस गरेनन् । किनकि जनतालाई डर थियो कि जातिवादको विरुद्ध धर्मको विरुद्ध बोल्नु, ईश्वरको विरुद्ध बोल्नु हो । अतः आफूलाई जतिसुकै अन्याय, अत्याचार भएतापनि बाध्य भएर वस्नु बाहेक अरु विकल्प सोचिएन । तर अन्याय सहेर मात्र वस्नु पनि अन्या नै हुने भएकोले सधैं अन्याय हुन नदिन मानवतावादको सन्देश बोकेर यो धर्तिमा महाकारुणिक तथागत बुद्धको पदार्पण भयो । त्यतिवेला देखि यो धर्तिमा मानवतावादको संखघोष भइ जातिवादको विरुद्ध आवाज बुलन्द भयो । यी नै जातिवादको विरोधको कारणले गर्दा बुद्धले चंर्को चुनौती सामना गर्नु पऱ्यो । त्यतिबेला जातिवादी धर्मकर्ताहरू बुद्ध देखि द्वेषले चुर चुर भयो । बुद्धलाई अनेक षदयन्त्र गरी मार्ग सम्म पनि खोजियो । तिनीहरूले चिन्चा मानविका भन्ने बेश्यालाई समेत हातमा लिएर बुद्धसँग उनको यौन सम्बन्धको बहाना गरी गर्भाधान हुन गयो भनेर पेटमा काठको मुढा राखि बुद्धलाई बदनाम गर्न खोजियो । त्यसैगरी सोही नै व्यक्तिहरूबाट सुन्दरी परिब्राजिकालाई हत्या गरेर जेतवर्न विहारको बगैंचामा झारपाट माटोले पुरिदियो तर त्यस्को केही दिन पछिनै यी हत्यारा पट्टालागेकोले बुद्धको मानवतावादी धर्म झन अघि बद्न सजिलो भयो । बुद्धको धर्म मानवतावादी धर्म भएकाले कसैको षदयन्त्रबाट नडराई

सबै माथि त्यतिकै मैत्री, करुणा, मुदिता र उपेक्षा भाव जस्ता ब्रम्ह: विहार युक्त भइ धर्मलाई सम्प्रेशन गर्नु भयो, जस्ले गर्दा हिजो सम्म राजगृहको गल्ली, चोकमा सफा गर्ने "सुनित" भन्ने पोडे आज बुद्धको शरणमा आई प्रवजित भई सम्पूर्ण जीवनको क्लेश (राग, द्वेष, मोह)हरू हताएर जन्म मरणको परिधिबाट मुक्ति हुन पाएको र राजा विम्बिसारले समेत बन्दना गर्नु जातिवाद विरुद्ध कडा प्रहार हो ।

त्यसरी नै हिजो सम्म कपिलबस्तुका शाक्य राजकुमारहरूलाई कपाल काट्ने दाह्री जुँगा काट्ने हजाम काम गरेका "उपाली" नाई पनि आज बुद्धको शरणमा गएर प्रवजित भई एउटा सर्वश्रेष्ठ विनयधर भिक्षुको रुपमा प्रस्तुत भएर त्यहिं शाक्य राजकुमारहरूबाट नै बन्दनीय हुनु भयो । त्यसै गरी चण्डाल कुलमा जन्मेका सात वर्षिय बालक "सोपाक" आफ्नो आमा निधन भएको सातवर्ष पछि आफ्नै काकाले मसानघाटमा कुनै मुंर्दासँगै बाँधेर फ्याँकि राखेको कुरा बुद्धको महाकरुणिक दृष्टिले थाहा पाई उक्त अनाथ दु:खि बालकलाई उदार गर्नु भई पछि प्रवजित गर्नु भयो । त्यसै गरी भिक्षु आनन्दले पनि एउटी चाण्डालिकाको हातबाट पानी पिउनु भएको थियो ।

त्यसरी बुद्धले धेरै त्यस्ता निच:, चाण्डाल जस्ता अतिनै तल्लो जाति भनेर समाजले अलग्याइएका अछुतवर्गहरूलाई समेत बुद्धले आफ्नो संघमा समावेश गराएका थिए । यहि क्रान्तिकारी पाइला नै साँचैकै मानवतावादी, शान्तिवादी पाइला भै दिएकोले आज विश्वले समेत बुद्धलाई चिन्ने अवसर प्राप्त भयो । यी नै कुरालाई आज अक्य धर्मले विस्तारै अनुसरण गर्दै मानवतावादी काम गर्दै अएको देखिन्छ । यस्तो ठाउँमा जातिवाद अट्न सक्दैन होला । जहाँ जातिवाद हुन्छ त्यहाँ मानवतावाद तिकन सक्दैन । त्यस्तो वर्णाश्रम र जातिवादलाई कुनै सम्प्रदायले पनि धर्मको रुपमा मान्नु हुँदैन ।

अस्तु "भवतु सब्ब मंगल"


बौद्ध साहित्यिक पत्रिका नियमित प्रकाशन गर्न सकोस् भन्ने कामना गर्दछ ।

साथै

विभिन्न किसिमका डाक्टरी औषधिको लागि कमलविनायक फर्मालाई सम्झनुहोस् आफूलाई लागेको रोग निकोपार्नुस ।

कमलविनायक फर्मा

कमलविनायक, भक्तपुर

फोन नं. ६६१२०५८

प्रो. कृष्णगोपाल शिल्पकार
मो.नं. ९८४१४७२९५९



प्रो. शिवराम शिल्पकार
मो.नं. ९८४१६१०१६२





अदर अनुसार झ्याल, सँझ्याल, बुट्टादार ढोका तथा विभिन्न थरिका काठबाट बनेका सामानहरू आवश्यक परेमा हामीलाई सम्झनुहोस् ।

DATTATRAYA WOOD CARVING CENTRE

Tachapal-3, Bhaktapur, Ph: 6617048

# जेष्ठवर्ण महाबिहार परिचय

ख्वपया प्रमुखगु विहारत मध्येया छगू विहार जेष्ठवर्ण महाविहार खः । थुगु विहार चिधुंगु जुयानं क्वा:पा:छैं वाहेक छु बाकि मदय् धुंकल । थुगु विहार ख्वप नगरपालिकाया वडा नं. १७ इटाछेंया प्रसिद्ध नःपुखूयां दक्षिणपूणर्वय् अवस्थित जुयाच्वंगु दु । थुगु विहार स्थानीय जनसमुदाय वीचय् तँचाकोने बाहा: धका:नं म्हसियाच्वंगु दु । थुगु विहार मुक्कं बुद्धाचार्य शाक्यपिनिगु खः ।

## ऐतिहासिक पृष्ठभूमि

जेष्ठवर्ण विहारया स्थापनाकाल वारे जानकारी बिइगु छुं नं अभिलेख त लुया व:गु मदुनी । थुगु विहारया दथुइ च्वंगु चैत्यय् ने.सं. ८२० मार्गकृष्ण पञ्चमि धका: उल्लेख जुयाच्वंगु दु । तर थुलिया भरय् बिहारया इतिहास अनुमान यायेे फैमखु । अथेहे विहारया खःपाखे अंगलय छपा: ल्वहँपौ तिका त:गु दु । आख: फुकं ज्यलावना: ब्वनेमफय् धंकुगु थुगु अभिलेखयात अखतं तिकात:गु धूका: नं धायगु या । वि.सं. २००३।६।२४ अङ्कितगु विहारय् चैत्यया लिक्कच्वंगु छगु: गँखय् थुगु विहारयात जेतवर्ण महाविहार धका: उल्लेख यानात:गुदु । थनया संघ दुजपिंसं थ:पिं थथुवहिया पुलाँपिं संघसदश्यपिं ख: धका: धया वयाच्वंगु दु । लिपा (जेष्ठवर्ण महाविहार) निर्माण जुसेंलि थुगु विहारय्हे चूडाकर्म यायेगु परंपरा न्हयाकुगु जुल धका:नं घागु संघ दुजपिनिगु न्यनेदु ।

## विहारया स्वरूप व सम्पदा

नपुखूया पूर्वपाखे स्वया: करिव नीपलाति न्यासेवनेवं दक्षिण स्वया: क्वाहाँ वनेगु (पाचा-तँ) ध्वदुइ, थनं नं पश्चिमस्वया: छेंतलं वनेबलय् छगू साधारण चिधंगु लुखाँ दुहांवनेवं जेष्ठवर्ण विहारया प्राङ्गण ध्वदुइ । थुगु विहार स्वयबले चुकथें खनेदु । विहारया स्वरुप वर्गाकार मजुसे आयताकार खनेदु । साधारण त वास्तुविधि कथं छगू विहारया मू लुखाँ दुहां वनेबलयं चूलंचू विहारया क्वा:पा:छैं लाइगु ख: । तर थुगु विहारय् क्वापाद्यो छैं उत्तराभिमुख जुयाच्वंगु दु । विहार प्राङ्गणया दथुइ ने.सं. ८२० साल मार्ग कृष्ण पञ्चमि उल्लेख याना: त:गु चैत्य पलिस्था यानात:गु दु । चैत्यया चाकछिं ढलोटया दल्लुपा: तयात:गु । मूलुखाँदुने जवं खवं गणेश महाँकालया रुपय् ग्वाखँप्वा दु तथा उत्तरपाखे जलकुण्ड, क्षेत्र पाल व यज्ञकुण्ड नं तयात:गु दु ।

थुगु विहारया क्वा:पा:छैं स्वतँजा जू । न्हापांगु छेलि तला क्वापाछेंया गर्भगृह ख: । गर्भगृहं दुहाँवनेगु मू लुखाया जवंखवं ल्वहंया सिंह दु । लुखा लिक्क गजू मदुगु चैत्य छग: दु । लुखाफुसय् जवँ खवं सारिपुत्र मौदगल्यान सहित:गु शाक्यमुनिया तोरण छायपिया त:गु जुल । थनं च्वय् आगंकोठा ख: । आगंछे बज्रबारांही विज्याकात:गु दु: । थुगु तल्लाय साधारणगु तिकिझ्या: छपा: जक दु । च्वयया तल्लाय् धा:सा कलात्मकगु सिंझ्या: छपा: छुनात:गु दु । थनं च्वय् आयपा पौ हे जुल । थौंकन्हे ध्व भग्नाबशेष अवस्थाय् थ्यना च्वंगु दु ।

## बिहारया संघया स्वरूप व ज्याझ्व

थुगु जेष्ठवर्ण महाविहारया संघपिं शाक्य वा बुद्धाचार्यपिं ख: । थुगु विहारया स्थापना कालया छुं नं अभिलेखादि लुयामवनिगु:लिं याना: थनया संघ व्यवस्था न्हापा गुकथं न्ह्याना: वया: च्वन धैगु खँ स्पष्ट मजू । थन संघ भोजन यायेगु परपरा नं मदय् धुंकुगु जुल । थनया संघ दुजपिंसं थपिनिगु ज्याझ्व: थथुवहिलिसं

न्ह्याकावयाच्वंगु लुइकेफु । थनया संघपिसं न्हेदँया छक थथुवहिली दीपंकर ब्वया: वयाच्वंगुदु । थथुवहिलि जयमा खल:कथं दुध्याना:च्वंपिं थुगु विहारया संघपिसं थनच्वंम्ह क्वा:पा:द्योथाय् न्हिथं नित्यपुजा पालंपा: याना: वयाच्वंगु दु । संल्हुपति. व दिसिचहेवले घपिं संकले थनवया: पुजायायेगु चलन ल्यनाच्वंगु दनि । अथेहे कतिंपुन्हि खुन्हु व ग्रहणवलय् थन आगमय् विशेषकथं पुजा याना: वयाच्वंगु दनि । थनया संघपिनि दिगुद्यो गुह्येश्वरी नैरात्मा ख:सा आगंद्यो बज्रवाराही ख: । गुंगु खल:खय् बिभाजन जुयाच्वंगु थनया संघ दुजपिं संख्यात्मक रुपं पिन्या:म्ह जक दु । थुगु विहारयात तधिछ्रें बाहाया कच्चा बाहा धायेगु या । थुगु विहारया परम्परागत ज्याइ्व:म्ह जक दु । थुगु विहारयात तधिछ्रें बाहाया कच्चा बाहा धायेगु या । थुगु विहारया परम्परागत ज्याइ्व:त न्ह्याकेत न्हापा यक्व: जग्गा आदि दत्त तयात:गु ख:गुसां थौकन्हे प्रमाणया अभावं आयस्ता कमजुया विहारया ज्याइ्व सुथांलाक्क न्हयायेमफुगु संघ दुजपिनिगु धा:पु दु ।


२५६० औं बुद्ध जयन्तीको

उपलक्ष्यमा सम्पूर्ण दाजुभाइ दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछ ।

प्रोपाईटरः दिपानन्द बज्राचार्य

**डि.एन टेलर्स**

ईताछें, मिनिबस पार्क-१७, भक्तपुर
फोन नं. ६६१३१६५ (पसल)
६६११८२२ (घर) मो.नं. ९८५१०९७९३५

मौसम अनुसारको नयाँ आकर्षक डिजाईनका उच्च स्तरीय सर्टिङ्ग सुटिङ्ग टेलरिङ्गको साथै सम्पूर्ण स्कूल तथा कलेजका ड्रेस कपडाहरू तथा तयारी शुटहरू उपलब्ध छ ।

Shirting Suting & Tailoring Centre

२५६० औं बुद्ध जयन्तीको उपलक्ष्यमा सम्पूर्ण महानुभावहरुको सुख, शान्ति तथा सुस्वास्थ्यको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**श्री महामञ्जुश्री गुरुगुठी संस्था**
महामञ्जुश्री नगरकोट नपा-७
तथा
**महामञ्जुश्री ज्यास: पस:**
भक्तपुर नपा-६

रामकृष्ण वैद्य, अध्यक्ष
**मुनिबिहार दायक सभा**
तथा
**२५६० औं बुद्ध जयन्ती समारोह समिति**
इनाचो टोल, भक्तपुर नपा-६ फोन नं. ९७७-०१-६६१६४६४

पद्मसुन्दर शाक्य
अध्यक्ष
**भक्तपुर सुनचाँदी व्यवसायी संघ**
इनाचो टोल, भक्तपुर नपा-६, फोन नं. ९७७-०१-६६१७७३७

# झोलां हि तिकि तिकि ज्वल

✍ चन्द्रबहादुर उलक

बछलागा (जेष्ठ महिना) निभः तसिकं छा। न्हकुपातां चःति नःनः वयेक ज्यामित बुँइ गुम्हां छो लयो च्वन, गुम्हां लोहँतय् छो दायो च्वन। वातावरण सामाज्याथे न्हयाय्पुसे मच्वं। चखुँ बखुंत बुँ फाँटय् नसा मामां गुबलें उखे गबलें थुखे भुरुक्क भुरुक्क ब्वयो च्वन।

वहे इलय् हाकुचा गुतांचा छगू ज्वङ बुँइ पाखे स्वस्वं वल। वं गबलें च्वय् मिखा वायेकी गबलें क्वय्। वयागु व्यवहार स्वयेबले गुतांचां कय्केता चखुं बखुं माल च्वंगु थे च्वन। हाकुचा वःगु खानेवं नसा माल च्वंपु छगू बथान बखुँचा त भुर्रर ब्वयो मेगु बुँ फाँटय् जू वान।

किसंचाय् माइलाम्हा काय् हाकुचा म्हारें मुल्याम्हा मचा। मां-बौ गन्ता मरु थःपत्ता मरुम्हा मचा खः। वाय् आखः ब्वनेगुलि नं ध्यान मरु। इस्कूलय गबलें मवां। जाँचय पास जुला धाय्गु नं न्यने मरु। सुननं वयागु बानि भिंकय नं मफ। सकसियागु ब्व जक फ फं न्वाख्वों हे जुये धुंकम्हा मचा जुल। म्हुतु स्याचुपिचा स्वयो नं ज्वः। सुननं वाता न्वातकि पुथं जक कये यो। कसा जक न नं वयागु म्हा साँ छयंगु बराबर जुये धुंकल। उकिं व वेवारिस दौंसाँ थें जुल।

सुथाय् बन्हि जा न हुँ धःसा वानी मधतले सुंक बाँय्सं ग्वारातुल च्वनी। सुयागुं मतलव मरु। हाकुचाय मां उसाँय् मदयो लासाय् ग्वारातूगु न्यला स्वःला दय् धुंकल अय्सां वाता वास्ता मरु।

बुँया द्यंचाय च्वङ थःथःगु त्वा ल्वाक मतिना याङ च्वंपुँ बखुँचा तय्ता स्यायेता हाकुचां गुतांचां ताक स्वल।

आय् हाकुचा! ला पँला हे न्यङ नये मफया ला छु हाँई? लोहँतय् छो दायो च्वंम्हा बुद्धवीर अरां हाकुचाता ब्व बिल।

गुतांचां ताक स्वयो च्वंम्हा हाकुचां सुयागुं खाँ वास्ता मयासिं बखुँचाता गुतांचां कयेकल फ्यात्त। चागचां लाम्हा बखुँचा फाताफाता पुल। हाकुचा ब्वक ब्वक वाङ घाइते बखुँचा ज्वँ वान।

हरेऽ! गपाचं माया मरुम्हा पापीम्हा मचा! बखुँचां छु स्यंकगु दः धक अथे स्यायेता! स्वऽ थःथः मायां क्यंक च्वंपुँ बखुँचाता स्याङ हे बिला क बेमानं! छैं मचाखाचा दःला छु छु। मचाखाचा नये मखाङ सिइगु जुल कऽ व्याधां याङ। नुगः मछिंगु सःलं बुद्धमाया तजुं दुःख प्वंकल।

फाताफाता पुल च्वंम्हा बखुँचा हाकुचां ज्वङ झोलाय् स्वथान अले थःगु पला न्हयाकल। बुँइ ज्याः साङ च्वंपु ज्यामि तय्सं सराप बिल - पापी! ज्यानमारा! अ हकनं थाना जक वःसा छंगु तुती हे त्व मथुसा छु...।

हाकुचा वास्याहाँ न्हयल लय् लय् तातां वयागु लाँ लित। हाकुचा तीजक छैं वान। छैं मनूत मुङ च्वन। मनूत मुङ च्वंगुलिं हाकुचा ग्यात। वया मने बखुँचा स्याङागुलिं जिता ज्वँ वगुला धायथे च्वन। तर अनायां स्थिति अकातं जुयो च्वना। छयली थः माँ याता तुइगु कापतं त्वपुयो तगु दृष्य हाकुचां खान। वया नुगः भारा भारा मिन। वं नुगः हिइस्ये च्वंकल। झोलाया दुनं बखुँचायगु हि तिकी तिकी ज्वयो च्वन।

छुयाय्! बखुँचाय मचात नये मखाङ सिइगु जुल धःगु ज्यामी तयगु बाक्यं हाकुचायगु नुगले खां क्वाथे क्वातु क्वाङ च्वन। क्वातु क्वाङ च्वन। *सुभाय्*

# बुद्धधर्ममा नारीको स्थान

सुश्री श्रद्धा शाक्य, युवा पुस्तकालय, ह:खा



बुद्धधर्ममा नारीको स्थान के, कस्तो रहेछ ? भन्ने बारेमा सर्वप्रथम बुद्धकालीन एक प्रसंग बुद्धको वचनबाट शुरुबाट गर्न चाहन्छु । एकदिन एकजना विद्वानले गौतम बुद्धसँग सोधे-'किंसु भण्डान उत्तमं' अर्थात संसारमा ठूलो वस्तु के हो ? बुद्धको उत्तर थियो-'यत्थि भण्डानं उत्तम' अर्थात स्त्री नै सबैभन्दा उत्तम वस्तु हो । बुद्धबाट साँसारिक र व्यवहारिक उत्तर पाएकोले उ सारै खुशी भयो । बुद्धले भन्नु भएको छ-'भरिया परमा सखा' अर्थात पुरुषको लागि आफनी पत्नी परम मित्र हुन् । यस्तै एकदिन प्रसेनजित कोशल राजा गौतम बुद्ध समक्ष गई धर्मसम्बन्धि छलफल गर्दै बसेका थिए । त्यसबखत एक राजपुरुष आई प्रसेनजित राजाको कानमा महारानी मल्लिका देवीले छोरी जन्माएको कुरा सुटुक्क भने । यो कुरा सुनी राजनको मन खिन्न भयो र मुख अँध्यारो पारेर टाउको झुक्यो । यसरी अचानक राजाको मुख अँध्यारो पारेको देखेर बुद्धले सोध्नु भयो-'महाराज ! दरवारबाट के खबर आयो, जसले गर्दा महाराजको मुख अँध्यारो भयो र मन खिन्न हुन पुग्यो ।' राजाले जवाफ दियो -'भगवान ! स्त्री मल्लिकादेवीले पुत्र जन्माउँछन् भन्ने आशा र भरोसा लिएको थिएँ । तर छोरी जन्माइन् भनेर खवर आयो ।' यो कुरा सुनीसकेपछि बुद्धले आज्ञा गर्नुभयो ।

इत्थिपि हि एकच्चिया सेय्या पोस जनधिपति ।
मेधावी, शीलवती, सस्सु देवा पतिब्बता ॥ *अर्थात*
***'जनाधिपति महाराज ! कुनै कुनै स्त्री बुद्धिमान, शीलवती, प्रतिब्रता भई पुरुषभन्दा पनि श्रेष्ठ हुन सक्छे ।'***

बुद्धले फेरि भन्नु भयो- छोरीलाई राम्रो शिक्षा दिई आवश्यक तालिम दिन सकेमा त्यस्ती नारीको कोखबाट जुन सन्तान जमिन्छ । उ सुरविर तथा राज्य प्रमुख हुन सक्छे । यसरी २५०० वर्ष पहिले भगवान बुद्धले व्यक्त गर्नु भएको उपदेश आजको वर्तमान विश्वमा साकार भएको छ । स्त्रीबाट जन्मेको सन्तानले मात्र होइन, स्त्री आफु स्वयंले पनि राज्य चलाउन सक्षम छिन् । उदाहरणको रुपमा संसारमा सबैभन्दा पहिले श्रीलंकामा श्रीमाओ बण्डारनायिका प्रधानमंत्री बनिन् भने भारतमा इन्दिरा गान्धी, ईग्लैण्डमा मार्गरेटथ्याचर, पाकिस्तानमा बेनजीर भुट्टो आदि हुन् । फिलिपिन्समा श्रीमती कोराजीन अक्वीनीले राष्ट्रपतिकोरुपमा शासन चलाईन् भने बेलायतमा महारानी एलिजावेथले शासन चलाईन् । त्यस्तै हाम्रो नेपालमा पनि शैलजा आचार्य र साहना प्रधान जस्ता नारीहरूले मन्त्री पद सम्हाली कार्य सञ्चालन गरी वितिसकेकी छिन् । यसरी उच्च पदमा मात्र होइन शान्ति नोबेल पुरुस्कार जस्ता उच्च सम्मान पाउन सफल भएकी म्यानमारका प्रजातन्त्रवादी नेतृ आङसा सुकी जस्ता बौद्ध नारी पनि आज हाम्रो बिच छन् । उहाँ बुद्ध जन्मभूमि नेपालमा चार पटक आएकी छन् ।

बुद्धकालिन समयमा पनि नारी जातिलाई हेलाको दृष्टिले हेर्ने चलन रहेछ । तर भगवान बुद्धले नारीलाई हेला होइन समानताको आँखाले हेर्नु पर्दछ भन्ने विचार राख्नु हुन्थ्यो र नारीहरूलाई पनि पुरुष सरह सहभागी हुने पूर्ण स्वतन्त्रता दिनुभई तथा भिक्षुणी संघ स्थापना गरी निर्वाण पद प्राप्तिको लागि समान अवसर प्रदान गर्नु भएको छ । साथै भिक्षु, भिक्षुणी, उपासक र उपासिका भनी बुद्धशासनको चार पांग्रारुपी चर्तुपरिषद खडा

गर्नुभयो । जुन बुद्धशासन उन्नति, एवं चिरस्थायी गर्न यी चारै परिषद्को उत्तिनै महत्वपुर्ण भूमिका रहेको छ ।

यस्तै बुद्धशासनमा एतदग्ग उपाधि प्राप्त गरी बुद्धधर्ममा उच्च स्थानमा रहन सफल भिक्षुहरूमात्र होइन भिक्षुणीहरू पनि छन् - यहाँ केहिको नाम र उनीहरूले प्राप्त गरेका एतदग्ग विषयहरू उल्लेख गर्न चाहन्छु । जस्तै - चिररात्रज्ञमा - महाप्रजापति गौतमी हुन् भने विनयधरमा - पटाचारा, महाभिज्ञलाभिनीमा - प्रज्ञामा - खुज्जुतरा, मैत्री भावनामा - स्थामावती अग्रस्थान प्राप्त गरेकी उपासिकाहरू हुन् आदि । यसरी बुद्धकालीन समयका मात्र होइन यसपछि धर्म उन्नति अभिबृद्धि गर्नमा ठूलो योगदान पुऱ्याउन सफल भएकी नारीहरू पनि छिन् । ती हुन् - तेश्रो शत्ताब्दीताका भारतका सम्राट अशोककी पुत्री **संघमित्रा** जसले भिक्षुणी भएर श्रीलंकामा बुद्धधर्म प्रादुभार्वव गर्नमा उल्लेखनीय भूमिका निभाएकी थिइन् । त्यस्तै सन् ६४० तिर नेपालका राजा अंशुवर्माको छोरी राजा स्रोनचङ्ग गम्पोसंग वैवाहिक जीवन गाँसिकन तिब्बतमा बुद्धधर्मको प्रचार प्रसार गरेकी नेपालको राष्ट्रिय विभूति भृकुटीको नाम स्मरणीय हुन्छ । नेपालको सन्दर्भमा बुद्धशासन चिरस्थायी गरी बहुजन हिताय, सुखायको लक्ष्य लिई अगाडी बढिरहनु भएकी म्यानमार सरकारबाट 'शासनधज धम्माचरिय' उच्चस्थ पदबाट विभूषित हुनु भएकी धम्मवती र अग्गञाणी गुरुमाँहरूको नाम उल्लेखनीय छ । यसरी बुद्धकालीन समयदेखि लिएर आजसम्म पनि बुद्धधर्ममा नारीहरूको स्थान अद्बितीय रहेको यहाँहरू समक्ष बोध गराउँद छु ।

अन्तमा, आज भन्दा २५०० वर्ष पहिले नै भगवान बुद्धले नारी वर्गमा पुरुषहरू सरह नै क्षमता, प्रतिभा र शक्ति भएको पहिचान गरी नारीवर्गलाई समानताको आधारमा विश्व इतिहासमा नै सबैभन्दा पहिले धार्मिक स्वतन्त्रता र अधिकार प्रदान गर्नु भएको थियो । नारीवर्गप्रति महामानव बुद्धको अतुलनीय दृष्टान्तलाई आजका चेतनशील नारीहरूले आत्मसाथ गरी नेपालको लोकतान्त्रिक संविधानमा नारीवर्गको हक, हित र अधिकारलाई मूर्तरुप दिनुको लागि प्रेरणा लिर्नु पर्छ भन्ने धारणा राख्दै मेरो विषय यहि टुग्याँउन चाहन्छु ।


विश्व शान्तिका महानायक महामानव गौतम बुद्धको
जन्म, सम्बोधिलाभ तथा महापरिनिर्वाण दिन वैशाख पूर्णिमा
'स्वाँया पुन्ही' को शुभ उपलक्ष्यमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।



आधुनिक मेसिन उत्पादन तथा मर्मत संभारका लागि सम्झनुहोस् ।

प्रोप्राइटर : सुनिल शाक्य/सुप्रभात शाक्य

शाक्य इन्जिनियरिङ्ग

भक्तपुर नपुखु मिनिबस पार्क १७ (महाँकाल मन्दिर पछाडी)
फोन नं. ६६१८०२६, मो. ९८५१०९७८८४/९८४१८८४७७६
Email: shakya _engineering@live.com



मुख्यत: धान चुट्ने पांवर थ्रेसर मेसिन, सेरामिक सम्बन्धित पगमिल, हाम्बर मिल, पोल्ट्री सम्बन्धि फिड ग्रायण्डर फिड मिक्सचर हरेक प्रकारको पेपर रि-साइकलीनसम्बन्धी नाइफ विटर, प्रेस क्यालेण्डर मेसिनका साथै अर्डर बमोजिम विभिन्न मेसिनहरू उत्पादनका लागि हामीलाई सम्झनुहोस् ।

# परियत्ति शिक्षा शिक्षक प्रशिक्षण दोस्रो तालिम २०७२ को प्रतिवेदन

लक्ष्मीचन्द्र बज्राचार्य
सल्लाहकार, मैत्रय युवा संघ भक्तपुर

२०७० पुष २६ देखि २८ सम्म सञ्चालन भएको परियत्ति प्रशिक्षक प्रशिक्षण तालिम सारै नै परिणाममुखी भयो । यसकारण हामीहरू वहां गुरुमा, भन्तेज्युहरू तथा बौद्ध विद्वानहरू प्रति कृतज्ञ छौं, जसले कि त्यस्तो महत्वपूर्ण तालिम दिनुभयो । त्यस तालिम पछि भक्तपुरका केहि विद्यालयहरूमा पनि परियत्ति शिक्षाको कक्षा सञ्चालन हुन थाल्यो । यसबाट हामीलाई हौसला प्राप्त भयो । थप केहि विद्यालयहरूले परयत्ति शिक्षाको कक्षा सञ्चालन गर्ने इच्छा देखाइरहेको सन्दर्भमा त्यस किसिमको तालिम फेरि एकपटक सञ्चालन गर्न पाएमा धेरै राम्रो हुने थियो भन्ने मैत्रय युवा संघका साथीहरू बीच छलफल भयो । यहि छलफल अनुसार विश्वशान्ति विहारमा यस तालिम कमितिका संयोजक ज्ञानवती गुरुमांको संयोजकत्वमा नेपाल बौद्ध परियत्ति शिक्षा शिक्षक शिक्षिका तालिम कमिति र मैत्रय युवा संघको संयुक्त बैठक भयो । २०७२ पुष १० गते भएको यस संयुक्त वैठकमा २०७२ पुष २४, २५ र २६ गते यो तालिम पु:न सञ्चालन गर्ने निर्णय भयो । यसलाई आधार बनाएर २०७२ पुष १८ गते बसेको मैत्रय युवा संघको वैठकमा पनि दोस्रो शिक्षक शिक्षिका तालिम सञ्चालन गर्ने निर्णय भयो ।

यस शिक्षक शिक्षिका तालिम कार्यक्रम तालिका अनुसार पुष २४ गते शुक्रबार १० बजे उक्त कार्यक्रम मैत्रेय परियत्ति केन्द्रका केन्द्राध्यक्ष तिर्थराज वज्राचार्यको स्वागत मन्तव्य पछि ज्ञाणवती गुरुमांले तालिमको उद्घाटन गर्नु भयो । ११:३० बजे देखि ३ बजेसम्म पञ्जावती गुरुमाले रोचक कथा, अरियज्ञाणी गुरुमांले जीवनको मुल सुत्र र मंगलसुत्र प्रशिक्षण बारे तालिम दिनुभयो । यस दिनको तालिममा विभिन्न खेलको माध्यमद्वारा ज्ञाणवती गुरुमां र रशना बज्राचार्यले परियत्ति पढाउने तरिकाहरू सिकाउनु भयो ।

त्यस्तै पुष २५ गते ३ वटा कक्षाहरू सञ्चालन भयो जस्मा सविता धाख्वा शाक्यज्युद्वारा माइक्रो टिचिंग प्रविधिमा आधारित गरी विभिन्न नाटकहरू खेलाएर शिक्षण विधिहरू सिकाइयो । मैत्री, करुणा र मुदिता समुहमा विभाजन गरी स्यालको कथा, कृषागौतमी र पञ्चशील बारे दिइएको तालिममा सहभागीहरूले धेरै उत्साहित भै भागलिए । सोही दिन रश्मी राजकर्णिकारज्यूले चतुआर्य सत्य, चतुब्रम्ह बिहार र आर्यअष्टांगिक मार्गको प्रशिक्षणविधि सिकाउनु भयो । त्यस्तै पावर प्वाइन्ट मार्फत पनि प्रशिक्षणका विधिहरूको जानकारी दिइयो ।

तालिमको तेस्रो दिनमा शुभा गुरुमा र शुभावती गुरुमाले त्रिरत्न गुणको शिक्षण बारे तालिमका सहभागिहरूलाई विभिन्न विधिहरू द्वारा प्रशिक्षण दिइयो । त्यस्तै सोहि दिन रशना बज्राचार्यले बुद्धधर्मका प्रतिक, बुद्धधर्मका चाडपर्व र चार संवेजनीय स्थलहरूको विषयमा परियत्ति विद्यार्थीहरूलाई कसरी साक्षात्कार गराउन सकिन्छ सो सम्बन्धमा रचनात्मक विधिद्वारा प्रशिक्षण दिइयो । तालिमको अन्तमा ज्ञाणवती गुरुमांले परियत्ति शिक्षालाई

मात्र घोक्ने, पढ्ने र पढाउने गरेर मात्र होइन विद्यार्थीहरूलाई खेलद्वारा पनि अध्यापन गर्न सकिने बताउनु भयो र विभिन्न खेलहरू पनि खेलाउनु भयो ।

तालिमको अन्तिम दिनसम्ममा सहभागिहरूले पहिलो प्रशिक्षण तालिममा जस्तै नै बडो अभिरुचिका साथ सहभागिता जनाउनु भयो । तालिममा धेरै सकारात्मक पक्ष र प्रभावकारीता भएर पनि संख्यामा लक्ष अनुसार सहभागिता देखिएन । पहिलो तालिममा २१ जनाको सहभागिता थियो भने यस दोस्रो तालिममा १७ जनाको मात्र सहभागिता भयो । यस्का दुइता कारण हुनसक्छ - एउटा परियत्ति शिक्षा २०७२ को परीक्षा र अर्को भुकम्पका कारण शिक्षकहरूले भेल्नुपरेका समश्याहरू । तथापि समग्रमा तालिम कार्यक्रम सफलतापुर्वक सम्पन्न भयो । सहभागी शिक्षकहरू उत्साहित नै देखिए । आशा छ वहांहरूले सिकेका प्रशिक्षण विधिहरू प्रयोग गरेर आ-आफ्नो परियत्ति केन्द्र र विद्यालयहरूमा परियत्ति शिक्षा पढाउनुहुनेछ ।

नेपाल बौद्ध परियत्ति शिक्षा केन्द्रको तालिम कमिति र मैत्रय युवा संघ भक्तपुरको संयुक्त आयोजनामा सञ्चालन भएको यो दोश्रो तालिम सफल हुनुमा प्रशिक्षक गुरुमांहरू, बौद्ध विद्वानहरूको मेहनत उल्लेखनीय रह्यो । यसका लागि तालिमका संयोजक ञाणवती गुरुमा र सविता धाख्वाज्यूलाई विशेष कृतज्ञता सहित धन्यवाद दिन चाहन्छु । त्यस्तै कार्यक्रममा आर्थिक सहयोग स्वरुप प्रदिपरत्न शाक्यबाट ७००, पद्सुन्दर शाक्यबाट १२०० र माइला दोङ्बाट ५०० प्राप्त भयो । त्यस्तै तिर्थसुन्दर शाक्य मार्फत गुणसिनेमाबाट कृषा गौतमी चलचित्रको टिकटबाट ६५०० को रकम पनि यस तालिमको लागि सहयोग भएकोले वहांहरू प्रति विशेष धन्यवादका साथै आभारी भएकाछौं । अन्य स्टेशनरी पारिश्रमिक र खाजा तथा प्रमाणपत्रका लागि परियत्ति केन्द्रबाट १०००० रकमको आर्थिक सहयोग प्राप्त भयो । केन्द्रप्रति पनि हामी धेरै कृतज्ञ छौं । साथै गुरुमाहरूलाई तालिम अवधिभर भोजनको प्रबन्ध गर्ने प्रेमशोभा बज्राचार्य र सम्पूर्ण इन्द्रमाया परिवारलाई पनि साधुवाद दिन चाहन्छु । त्यस्तै आ-आफ्नो प्रतिनिधि पठाई सहयोग गर्ने मुनि विहार, जेनिथ इंलिस स्कूल, सनसाइन इंगलिस स्कूल र इजि पायोनियोर स्कूललाई विशेष धन्यवाद दिन चाहन्छु । तालिम सञ्चालन र परियत्ति कक्षाहरू सञ्चालन गर्न कक्षा कोठाहरू उपलब्ध गराई सहयोग गर्नु भएकोमा थथुबही विकास समिति र कक्षाकोठाहरू प्रयोग गर्न दिएकोमा ज्ञान विजय स्कूललाई पनि धेरै धेरै धन्य दिन चाहन्छु ।

देशका कर्णधार बालबालिकाहरूमा नैतिकताको विकास गर्ने र सक्षम र सम्यकदृष्टि भएका युवा वर्ग निर्माण गर्न परियत्ति शिक्षा भरपर्दो र बलियो माध्यम हो । यो शिक्षालाई एक प्रमुख आधारको रुपमा ग्रहण गरी मैत्रय युवा संघले आफुलाई समर्पित गरेका छन् । यसको लागि म व्यक्तिगत रुपले सारै खुशी छु । यो प्रशंसनीय काममा समर्पित संघका वर्तमान अध्यक्ष सत्यलक्ष्मी रंजितकार, उपाध्यक्ष तिर्थराज बज्राचार्य लगाएत शिक्षकहरू रशना बज्राचार्य, संचित बुद्धाचार्य, गंगा र जमुना गोसाई, प्रमिला धुख्वा सबैलाई धन्यवाद दिन चाहन्छु । मैत्रय परियत्ति केन्द्रको यो राम्रो र उदाहरणीय टिम हो । भगवान बुद्धले पनि संघलाई जोड दिनुभएको छ । कुनै पनि राम्रो काममा एकताबद्ध रुपमा टिमको भावनाबाट अगाडि बढेमा त्यो धेरै समय सम्म टिक्न सक्छ र प्रभाव पनि राम्रो हुन्छ । अत: टिमको सम्पूर्ण सहकर्मीहरूमा सुख, शान्ति र समृद्धिको कामना गर्दछु । यो दीर्घकालसम्म रहिरहोस ।

परियत्ति शिक्षा २०७२ को परीक्षा संगै यस वर्षको परियत्ति कक्षा पनि उत्साहकासाथ सम्पन्न भएको छ । मैत्रय परियत्ति केन्द्र लगाएत मुनिविहार, एभरेष्ट स्कूल, सनसाइन ईङ्गलिस स्कूल, जेनिथ इङ्गलिस स्कूल र इजि पायोनियर इङ्गलिस स्कूलहरूमा परियत्ति शुरु भई कक्षा सञ्चालन भएको छ । आउने वर्षमा पनि यस अनुसार विभिन्न केन्द्रहरू थपि परियत्ति कक्षा सञ्चालन हुने आशा छ । परियत्ति कक्षाको यात्रा यहाँसम्म पुग्नुमा मुनिविहार, युवा बौद्ध पुच: र मैत्रय युवा संघको विशेष योगदान छ । त्यस्तै शिक्षक शिक्षिकाहरूको योगदान पनि

उल्लेखनीय छ । यहि प्रसंगमा मैत्रय युवा संघमा हरेक शनिबार बिहान ७ बजेदेखि परियत्ति कक्षा सञ्चालन भैरहेको यहाँ जानकारी दिन चाहन्छु । परियत्ति शिक्षा निरन्तर सञ्चालनको लागि आर्थिक सहयोग गर्नेहरूको योगदान पनि अविस्मरणीय छ । यस्को विस्तृत चर्चा हामी छुट्टै कार्यक्रममा गरौंला । जे होस् हामीले गरेका यी राम्रा राम्रा कर्महरूबाट हामीले पुण्य लाभ गरेका छौं । यस्को फल पनि सुख, शान्ति र समृद्धिको रुपमा हामीले पुण्य लाभ गरेका छौं । यस्को फल पनि सुख, शान्ति र समृद्धिको रुपमा हाम्रो जीवनमा देखापर्नेछ । यस पुणित कार्यबाट सबैको मंगल होस । सबैको कल्याण होस् । भवतु सब्ब मंगलं ॥


Fresh Foood Fresh Mood

चन्द्रायन स्वीट्स

इताछे, भक्तपुर-१७

फोन नं. ६६१००५०

Contact For

Varieties of Sweets, Lunch Boxes for different Kinds of ceremonies of Programs

Hari Prasad Chhawaju Email:hmt-gold@yahoo.com
9851004560, 9803076533 hmtbkt@gmail.com

H.M.T. Electronic

Sales & Services

विगत १४ वर्षदेखि सेवामा समर्पित




Jagati, Bkt, Ph: 016619876

इलेक्ट्रोनिक्स सामान बिक्रि तथा मर्मत गरिन्छ ।

२५६० औं बुद्ध जयन्तीया लसताय्
सकल मानव पिनिगु भिंगु चेतना जागृत
जुइमा धका भिन्तुना देछाय् च्वना ।



तः पुखु सेन्टर

दूधपाटी, मो.नं. ९८१३२९४३०७

२५६० औं बुद्ध जयन्तीको उपलक्ष्यमा
सम्पूर्ण दाजुभाइ दिदीबहिनीहरूमा हार्दिक
मंगलमय शुभकामना व्यक्त गर्दछ ।



विजय पदम ज्यासः

इनाचो-६, भक्तपुर

V&P Ornaments

vp_shakya@hotmail.com

| विजय | फोन | पदम |
|---|---|---|
| ९८४१२०१९७८ | ०१-६६१३८८५ | ९८०३०४३०७३ |

## २५६० औं बुद्ध जयन्तीया

लसताय् सकल मानव पिनिगु भिंगु चेतना जागृत जुइमा धका भिन्तुना देछाय च्वना ।



सुन चाँदीका नयाँ आकर्षक डिजाइनका गहनाहरु बनाउनु परेमा साथै सबै प्रकारका राशी रत्न तथा पत्थरहरु चाहिएमा सम्पर्क राख्नुहोला।

## श्री गणेश ज्यास:पस:

फोन नं. ६६१०६०१ (बालाखु), ६६११६४४ (साकोथा), ६६१५८२८ (सुकुलढोका) भक्तपुर



विश्व शान्तिका महानायक महामानव गौतम बुद्धको

जन्म, सम्बोधिलाभ तथा महापरिनिर्वाण दिन वैशाख पूर्णिमा

'स्वाँया पुन्ही' को शुभ उपलक्ष्यमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

## आदर्श आजाद उच्च माध्यमिक विद्यालय/कलेज

भेलुखेल-११, भक्तपुर






## श्री रत्न ज्यास: पस:

तौलाछें, भक्तपुर, मो. ९८४१४७७१२२

यहाँ अर्डर बमोजिमका सुनचाँदीका गरगहनाहरू बनाउनुका साथै विभिन्न राशीका पत्थरहरू पनि पाइन्छ ।

२५६० औं बुद्ध जयन्तीको उपलक्ष्यमा
सम्पूर्ण दाजुभाइ दिदीबहिनीहरूमा हार्दिक
मंगलमय शुभकामना व्यक्त गर्दछ ।



**Dibya Sweets**
Itachhen, Bhaktapur-17
01-6613702
*Quality Food For Food Health*

२५६० औं बुद्ध जयन्तीया लसताय्
सकल मानव पिनिगु भिंगु चेतना जागृत
जुइमा धका भिन्तुना देछाय् च्वना ।

*Proprietor : Surendra Raj Shakya*
**New Suvarna Aabhusanalaya**
Mob. : 9841350316
Phone : 01- 6611272
Inacho, Bhaktapur
For all Kinds of GOLD & SILVER Jewellery

२५६० औं बुद्ध जयन्तीको उपलक्ष्यमा
सम्पूर्ण दाजुभाइ दिदीबहिनीहरूमा हार्दिक
मंगलमय शुभकामना व्यक्त गर्दछ ।



*प्रो. अष्टरत्न बुद्धाचार्य*
**देवरत्न एण्ड सन्स ज्यासल**
इताछें-१७, नःपुखु
सूर्यविनायक, सिपाडोल-६, भक्तपुर
९८४१२९९२८८,९८०३०१६५५०,०१-६६१३२३५ (घर)
यहाँ सुन चाँदीका गर गहना पाउनुका साथै अर्डर बमोजिम काम गरिन्छ ।


## निर्वाण कामना

अनिच्चावत संखारा उप्पादवय धम्मिनो ।
उपज्जित्वा निरुज्भन्ति तेसं वूप समोसुखो ।



जन्म
२००५/०४/०६

निधन
२०७३/०१/२४

हाम्रा पूजनीय माता/हजुरआमा **लक्ष्मी रंजितकार**को असामयिक निधन भएको आज १२ औं दिनको पुण्यतिथिमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**छोरी/ज्वाइँ**
**अलजना/ लक्ष्मीप्रसाद रंजित**
**नाति/नातिना**
**रिकेश राज, पलपसा, लोकेश राज रंजित**

# २५६० औं बुद्ध जयन्तीको

उपलक्ष्यमा सम्पूर्ण ग्राहक महानुभावहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछ ।

प्रो. कृष्णलाल याकामी
९८४१६०४२६२

प्रो. रोशन याकामी
९८४१०४३१५५, ९८०३१४८३४३

# लक्ष्मी कपास उद्योग

व्यासी, भक्तपुर औद्योगिक क्षेत्र, फोन नं. ६६११८५६, ६६१६५३९

हामी कहाँ अर्डर बमोजिम सिरक, डस्ना, तकिया, चकटी र कपास सुपथ मूल्यमा पाइन्छ । साथै पुरानो कपास तथा कपडा पनि पेलिन्छ ।



२५६० औं

## बुद्ध जयन्तीको

उपलक्ष्यमा सम्पूर्ण ग्राहक महानुभावहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।



# सुगतराज शाक्य एण्ड सन्स

भक्तपुर -६, इनाचो टोल

# २५६० औं बुद्ध जयन्तीको

उपलक्ष्यमा सम्पूर्ण ग्राहक महानुभावहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछ । साथै अहर्त बौद्ध साहित्यक पत्रिका नियमित प्रकाशन गर्न सकोस् भन्ने कामना गर्दछ ।



## हिमालयन ग्लोरी इङ्गलिश स्कूल

सहिद स्मृति खेलमैदान, भक्तपुर-१५

फोनः ६६१९१६०

# अनुरोध

बौद्ध दर्शन अध्ययन समाजको सहयोगार्थ प्रकाशित बौद्ध साहित्यिक पत्रिका अर्हत् त्रैमासिकको वार्षिक ग्राहक भई सहयोग गरिदिनुहुन पाठकहरुमा हार्दिक अनुरोध गर्दछ ।

साथै निरन्तर प्रकाशनको लागि लेख-रचना तथा व्यवसायिक विज्ञापन दिई सहयोग गर्नुहुन हार्दिक अनुरोध गर्दछ।

## बौद्ध दर्शन अध्ययन समाज

भक्तपुर, Email: arhattraimasik@gmail.com



यहाँ विभिन्न डिजाइनका सुनचाँदीका गहना पाइनुका साथै अर्डरबमोजिम पनि तयार गरिन्छ ।

२५६० औं बुद्ध जयन्तीको उपलक्ष्यमा सम्पूर्ण ग्राहक महानुभावहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रो. धिरेन्द्रराज शाक्य
९८४१२९९९१४

प्रो. माणिकराज शाक्य
९८४१६९२५१४

## शाक्य सुन चाँदी गहना पसल

कमलविनायक, भक्तपुर-४, फोन ६६१४२४४(पसल), ६६१३९९० (निवास)

जि.प्र.का., भक्तपुर द.नं. १२६/२०६९/७०

'चिरंतिद्ठतु सद्धम्मो'
(सद्धर्म्म चिरस्थायी जुइमा)

बौद्ध दर्शन अध्ययन समाज' पाखें पिहाँ वयाच्वंगु बौद्ध साहित्यिक त्रैमासिक पत्रिका 'अर्हत' निरन्तर रुपं प्रकाशित जुइमा धैगु कामना याना ।


भाजु संघरत्न शाक्य
खौमा, ख्वप

रत्नायन ज्वेलरी
रत्नायन ग्यास पसः
खौमा टोल, भक्तपुर-१५, ६६१०२५४, ६६१२६७५

शिवम सिमेन्ट, सिमेन्ट अर्घाखाँची, सगरमाथा जगदम्बा डण्डी, जगदम्बा सिमेन्टको लागि सम्झनुहोस् ।

JAGDAMBA STEEL
देशको मेरुदण्ड







प्रो. रामप्रसाद सुवाल
सुवाल इन्टरप्राइजेज
जगाति, मो. नं. ९८४१२५३८५१